# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २४३ | काठमाडौं | मंगलबार, १७ पुस २०८० | Prabhab National Daily | Tuesday, January 2, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


**सन्दर्भः वैदेशिक रोजगार**

## साउदीले बायोमेट्रिक लागू गरेपछि व्यवसायी आन्दोलित



■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** साउदी जाने नेपाली श्रमिकहरूका लागि बायोमेट्रिक अनिवार्य गरेपछि वैदेशिक रोजगार व्यवसायीहरू आन्दोलित भएका छन् । नेपालस्थित साउदी अरेबियाको राजदूतावासले सोमबार (जनवरी १) बाट बायोमेट्रिक अनिवार्य गरेको विरोधमा व्यवसायी आन्दोलित भएका हुन् ।

यसअघि फेमिली (पारिवारिक) भिसा र भिजिट (भ्रमण)भिसामा मात्रै बायोमेट्रिक लागू गर्दै आएको दूतावासले नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरूसँग छलफल नै नगरी श्रमिकका लागि एकपक्षीय रूपमा बायोमेट्रिक अनिवार्य गरेकोले आन्दोलनमा उत्रन बाध्य भएको व्यवसायीले बताएका छन् ।

उक्त कार्यको विरोध गर्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अगुवाइमा व्यवसायीहरूले सोमबार थापाथलीस्थित साउदी दूतावासको सेवाप्रदायक संस्था भिएसएफ सेन्टरको कार्यालयमा घेराउ तथा प्रदर्शन गरे । उनीहरूले दूतावासलाई दबाब दिन भन्दै भिसाका लागि श्रमिकको पासपोर्ट पेस गर्न गएका म्यानपावर व्यवसायीलाईसमेत रोक लगाउँदै फिर्ता पठाए । उता दूतावासले महत्त्वपूर्ण सूचना भन्दै जनवरी १ देखि बायोमेट्रिक अनिवार्य गरिएको म्यानपावर व्यवसायीहरूलाई जानकारी दिएको छ । भिएसएफले बायोमेट्रिकविना भिसाका लागि कुनै पनि कामदारको पासपोर्ट नलिने प्रस्ट पारेको छ ।

साउदी दूतावासले म्यानपावर व्यवसायीहरूलाई बायोमेट्रिक अनिवार्य गरिएको सूचना जारी गरे पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई कुनै जानकारी दिएको छैन । यसमा श्रम मन्त्रालयले गम्भीर ध्यानाकर्षण भएको भन्दै परामर्श र छलफल नगरी कार्यान्वयनमा नजान परराष्ट्रमार्फत नेपालस्थित साउदी दूतावासलाई पत्राचार गरिसकेको जनाएको छ ।

> व्यवसायी र श्रमिकको हितविरूद्ध हुने गतिविधि र भविष्यमा हुने सिण्डिकेट रोक्न पनि हाम्रो आन्दोलन र खबरदारी निरन्तर रहन्छ ।
>
> **राजेन्द्र भण्डारी**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

यद्यपि, दूतावासले बायोमेट्रिकको व्यवस्था नहटाएसम्म आन्दोलन जारी रहने संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'आन्दोलन गर्नै पर्ने अवस्था आयो,' उनले भने, 'व्यवसायी र श्रमिकको हितविरुद्ध हुने गतिविधि र भविष्यमा हुने सिण्डिकेट रोक्न पनि हाम्रो आन्दोलन र खबरदारी निरन्तर रहन्छ ।' भिसाका लागि भिएसएफ पुगेका व्यवसायीहरूलाई पनि बायोमेट्रिकको निर्णयबाट दूतावास पछि नहटेसम्म पासपोर्ट पेस नगर्न आग्रह गर्दै फिर्ता पठाइएको उनले जानकारी दिए ।

यसअघि पनि दूतावासको कन्सुलेट अफिसले विभिन्न बहानामा व्यवसायीलाई दुःख दिने, सीमित कम्पनीलाई मात्रै आइडी कार्ड प्रदान गर्ने, बेलाबेलामा आइडी कार्ड बन्द गरिदिने र समिति संख्यामा मात्रै भिसा पेस गर्न दिने जस्ता कार्य गर्दै आएको भण्डारीले बताएका छन् । दूतावासले श्रमिकहरूलाई अनावश्यक रूपमा आार्थिक भार पर्ने गरी पैसा उठाउने उद्देश्यले प्रेरित भई बायोमेट्रिक लागू गरेको भण्डारीको भनाइ छ । बायोमेट्रिकका लागि दूतावासले ७३० रूपैयाँ शुल्क तोकेको छ । दूतावासले उक्त कार्यका लागि नेपाल सरकारसँग कुनै समन्वय र सहमतिसमेत नलिएको उनले बताए । यस विषयमा साउदी दूतावासले भने कुनै प्रतिक्रिया जनाएको छैन ।

**बालकुमारी घटनाको कारक**

# भौतिक पूर्वाधारमन्त्री ज्वालाको 'असावधानी'

घटनापछि मन्त्री ज्वाला, गृहमन्त्री श्रेष्ठसँगै श्रममन्त्री शरदसिंह भण्डारी आलोचित छन् । देशको विभिन्न ठाउँमा विरोध प्रदर्शन भइरहेको छ । उनीहरूको राजीनामा माग भएको छ ।

■ **जेबी योञ्जन**

**काठमाडौं–** गृह प्रशासनले ललितपुरको बालकुमारीमा अनाहकमा दुई युवकले ज्यान गुमाएको घटनाको मुख्य कारक भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला रहेको निष्कर्ष निकालेको छ । मन्त्री ज्वाला प्रदर्शन भइरहेको रुट हुँदै हिँडेकै कारण घटना हुन पुगेको निष्कर्ष निकालिएको बुझिएको छ । यद्यपि, छानबिनको प्रतिवेदन आउन बाँकी नै छ ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठ र प्रहरी महानिरीक्षक वसन्त कुँवरले नै मन्त्री ज्वाला प्रदर्शन भइरहेको सडक हुँदै जानु ठूलो गल्ती भएको टिप्पणी गर्नुले उक्त कुरा पुष्टि हुन्छ । उनीहरूले प्रदर्शन भइरहेको रुटभन्दा अर्को रुट प्रयोग गरेको भए घटना नहुने तर्क गरे ।

सोमबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमै गृहमन्त्री श्रेष्ठले मन्त्री ज्वालालाई सोधे, 'मन्त्रीज्यूले यस्तो बाटो किन प्रयोग गर्नुभयो होला ?' प्रदर्शनले अशान्त सडकलाई मन्त्री ज्वालाले प्रयोग गर्नु नै घटनाको कारक भन्ने आशयमा गृहमन्त्री श्रेष्ठले यस्तो प्रश्न गरेका हुन् । घटना शुक्रबार भएको हो । जहाँ प्रहरीले चलाएको गोलीबाट सुजन राउत र वीरेन्द्र साहको ज्यान गयो । केही घाइते छन् । उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

घटनापछि मन्त्री ज्वाला, गृहमन्त्री श्रेष्ठसँगै श्रममन्त्री शरदसिंह भण्डारी आलोचित छन् । देशको विभिन्न ठाउँमा विरोध प्रदर्शन भइरहेको छ । उनीहरूको राजीनामा माग भएको छ ।

प्रहरी महानिरीक्षक कुँवरले पनि समितिको बैठकमा जवाफ दिँदै मन्त्री ज्वालालाई नै दोष लगाएका छन् । उनले भने, '११:५२ मा मन्त्रीज्यू आउनुभयो । उहाँ पार्टी प्यालेसबाट कोटेश्वरतर्फ जाँदै गरेको अवस्था थियो । त्यही बेलामा पिएसोले जानकारी लिने र समन्वय गर्ने काम भएन । ११:५४ मा हातपात हुने अवस्था आयो । पिएसओले मन्त्रीलाई सुरक्षित स्थानमा लगेको हो । दिउँसो १२ बजे मन्त्रीको गाडीमा आगजनी भयो । गोली कतिबेला चल्यो यकीन छैन तर मन्त्रीको गाडी नआएको भए यस्तो घटना हुने थिएन ।'

मन्त्री ज्वालाको भूमिकालाई लिएर उनकै दल नेकपा एकीकृत समाजवादीका उपाध्यक्षसमेत रहेका सांसद राजेन्द्र पाण्डेले पनि आलोचना गरेका छन् । सुरक्षा संवेदनशीलताबारे जान्दाजान्दै पनि ज्वालाले सावधानी नअपनाउनु गम्भीर गल्ती भएको बताए ।

'११ बजे हाम्रो पार्टीको बैठक थियो । म ११:५० मा पुगेको थिएँ । युवा झोला बोकेर हिँडेको देखेँ । घटना के भएको हो थाहा भएन । भित्र जाँदा मन्त्री ज्वालालाई देखेँ,' उनले भने, 'उहाँलाई सोध्दा मन्त्रालय हिँडेको थिएँ भन्नुभयो । त्यस्तो बाटो जानु बेठीक थियो ।'

(क्रमशः पृष्ठ २ मा)



**सोमबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा गृहमन्त्री नारायणकाजी श्रेष्ठ ।**
*तस्बिरः रासस*

### चारबुँदे सहमतिपछि आफन्तले बुझे शव

बालकुमारी घटनामा ज्यान गुमाएका युवकहरूको शव आफन्तले बुझ्ने भएका छन् । सरकारसँग चारबुँदे सहमतिपछि घटनाको चौथो दिनमा शव बुझ्न आफन्तहरू तयार भएका हुन् ।

सहमतिमा मृतकका आफन्तलाई रोजगारीका लागि अनुरोध गर्ने, मृतकहरूलाई सहिद घोषणाको प्रक्रिया थाल्ने, अतिरिक्त राहत उपलब्ध गराउने र शव सम्बन्धित जिल्लामा सरकारले पुऱ्याउने उल्लेख छ ।

सहमतिपत्रमा गृह मन्त्रालयका तर्फबाट उपसचिव उमाकान्त अधिकारी र मृतकका आफन्ततर्फ वीरेन्द्र साहका बाबु टेकबहादुर साह तथा सुजन रावतका मामा टेकबहादुर कटुवालले हस्ताक्षर गरेका छन् । रावतको शव ललितपुरस्थित किस्ट अस्पतालमा राखिएको छ भने साहको शव पाटन अस्पतालमा छ ।

यसअघि सरकारले मृतक परिवारलाई १०/१० लाख राहत दिने घोषणा गरेको छ । तर, संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले भने अतिरिक्त सेवा दिन पनि निर्देशन दिएको छ । सोहीअनुसार मृतक परिवारका सदस्यलाई रोजगार दिन सरकार सहमत भएको हो ।



मन्त्रीज्यूले यस्तो बाटो किन प्रयोग गर्नुभयो होला ?
■ **नारायणकाजी श्रेष्ठ**
गृहमन्त्री



मन्त्रीको गाडी नआएको भए यस्तो घटना हुने थिएन ।
■ **वसन्त कुँवर**
प्रहरी महानिरीक्षक



सुरक्षा संवेदनशीलता थाहा हुँदाहुँदै त्यस्तो बाटो जानु बेठीक थियो ।
■ **राजेन्द्र पाण्डे**
सांसद, एकीकृत समाजवादी



मेरो पिएसओले सबैतिर खबर गर्दा पनि प्रहरी समयमा नपुगेको र गाडीमा आगजनी भएको जानकारी मैले पछिमात्रै पाएँ ।
■ **प्रकाश ज्वाला**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री




# वरिष्ठ पत्रकार पोखरेलको निधन

**काठमाडौं (प्रस)–** वरिष्ठ पत्रकार एवं राष्ट्रिय समाचार समिति (रासस) का पूर्वनिमित्त महाप्रबन्धक गोकुलप्रसाद पोखरेलको निधन भएको छ । पोखरेलको ८७ वर्षको उमेरमा सोमबार त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा निधन भएको हो ।



राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य, नेपाल प्रेस इन्स्टिच्युट (एनपिआई) का संस्थापक महासचिव र दुई कार्यकाल अध्यक्ष भएका पोखरेल गोरखापत्र दैनिकका पूर्वसम्पादक र 'मुना' बाल मासिक (बालपत्रिका) का संस्थापक प्रधानसम्पादक पनि थिए । गोरखापत्र संस्थानको राष्ट्रिय पत्रकारिता पुरस्कार प्राप्त पोखरेल पछिल्लो समयमा फोक्सोसम्बन्धी समस्याबाट पीडित थिए ।

पत्रकारितामा स्नातकोत्तर र अंग्रेजी साहित्यमा पनि दखल राख्ने पोखरेलले अस्पतालको शयचाबाटै काठमाडौं उपत्यकामा वातावरण प्रदूषण वृद्धि हुँदा चिन्ता व्यक्त गर्दै यसका लागि जनचेतना जगाउन जोड दिएका थिए । धनकुटाको कोचिण्डेमा वि.सं. १९९३ मा जन्मिएका पोखरेल काठमाडौं बस्दै आएका थिए ।

एनपिआईका कार्यसमिति सदस्य कपिल काफ्लेका अनुसार पोखरेलको सोमबार बिहान १० :३० बजे निधन भएको हो । उनले पोखरेल नेपाली पत्रकारिताका धरोहर रहेको बताए । पोखरेलका छोरा अस्ट्रेलियाबाट आएपछि पार्थिव शरीरलाई आज मंगलबार बिहान अन्त्येष्टि गरिने जनाइएको छ । दिवंगत पोखरेलका श्रीमती, एक छोरा र दुई छोरी छन् ।

# 'कैफियत प्रतिवेदन' झिकाउने आदेश

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वमन्त्री टोपबहादुर रायमाझी र सचिव टेकनारायण पाण्डेलाई थुनामा राख्ने आदेश दिनुको 'कैफियत प्रतिवेदन' झिकाउने आदेश गरेको छ ।

न्यायाधीश कुमार रेग्मीको एकल इजलासले निजहरूलाई थुनामा राख्नुपर्ने कारणसहितको कैफियत प्रतिवेदन उच्च अदालत पाटनबाट झिकाउने आदेश गरेको सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिए ।

थुनामै राखेर मुद्दाको प्रक्रियाअघि बढाउन माग गर्दै उच्च अदालत पाटनको आदेशविरुद्ध रायमाझी र पाण्डेले सर्वोच्च अदालतमा निवेदन दिएका थिए । उक्त निवेदनमाथि सुनुवाइ गर्दै अदाललते कैफियत प्रतिवेदन झिकाउन आदेश गरेको हो ।

उक्त प्रकरणमा पूर्वमन्त्री रायमाझी र सचिव पाण्डेलाई जिल्ला अदालत काठमाडौंले थुनामा राख्न आदेश गरेको थियो । जिल्ला अदालतको सोही आदेशलाई उच्च अदालत पाटनले सदर गरेको थियो ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/१७

यस कम्पनीको मिति २०८०/०८/१६ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रोयल हिमालयन होलिडेज प्रा.लि. (प्रा.लि. नं. २५५४८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०८/१९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आनन्द हिमालयन होलिडेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।





## खाँडादेवी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

**माकादुम, रामेछाप**

**बागमती प्रदेश, नेपाल**

## शिलबन्धि दरभाउ आह्वान सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१७**

१. यस खाँडादेवी गाउँपालिकाको आ.व. २०८०/८१ मा स्वीकृत कार्यक्रम बमोजिम तल उल्लेखित कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको कार्यालय समय भित्र रु. १,०००/- (एक हजार रुपैंया मात्र) पछि फिर्ता नहुने गरी श्री लक्ष्मी बैंक, खाँडादेवी शाखा, रामेछापमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०८५०३०००२६ मा नगद जम्मा गरी बोलपत्र खरिद गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ

| क्र. सं. | कामको विवरण | ठेक्का नं. | जमानत बापतको रकम रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र मान्य अवधि | लागत अनुमान (with Vat and PS) |
|---|---|---|---|---|---|---|
| १ | Fabrication and Supply of Steel Parts for the Gogane Besitole Trail Bridge, Khandadevi Rural Municipality- 8, 9. | RCH/KRM/SQ/TB/02/2080/81 | 28,000.00 | 1000.00 | 45 days | 10,82,824.52 |

२. नोटः- बोलपत्र सम्बन्धी थप जानकारी लिन परेमा www.bolpatra.gov.np/egp हेर्नुहुन यस कार्यालयको मो.नं. ९८५४०२३६००, ९८५४०५६६०० मा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## पृष्ठ १ बाट क्रमशः

### भौतिक पूर्वाधारमन्त्री...

उनले गृह मन्त्रालय, प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, इपिएस शाखा र अदालत पनि घटनाको जिम्मेवार पक्ष रहेको औंल्याएका छन् । सोमबारको बैठकपछि राज्य व्यवस्था समितिले पनि घटनाको मन्त्री ज्वालाको असावधानी कारक रहेको ठहऱ्याएको छ । जसबारे छानबिन गर्न समितिले छानबिन समितिलाई निर्देशन दिएको छ । मन्त्री ज्वालाले भने बालकुमारी घटनामा आफू जिम्मेवार नभएको भन्दै पन्छिए । उनले प्रहरी प्रशासन जिम्मेवार रहेको बताए । 'मेरो निजी सुरक्षा सहयोगी (पिएसओ)ले सबैतिर खबर गर्दा पनि प्रहरी समयमा नपुगेको र गाडीमा आगजनी भएको जानकारी मैले पछिमात्रै पाएँ,' उनको भनाइ छ, '२२ मिनेटसम्म पनि प्रहरी नपुगेपछि गाडीमा आगजनी भएछ ।'

उनले प्रदर्शनकारीले गाडी रोकेपछि आफू हिँडेर पार्टी बैठकमा पुगेको र त्यसपछिका घटनाबारे केही थाहा नभएको पनि बताए । 'हाम्रो गाडीलाई प्रदर्शनकारी साथीहरूले रोके । मसँगै रहेका सुरक्षाकर्मी (पिएसओ) ले उनीहरूलाई सम्झाउने प्रयास पनि गरे,' उनले भने, 'तर, गाडी जान दिएनन्, म त्यहीँ झरे र फेरि बैठकस्थलतिर लागेँ । त्यसपछिको घटनाबारे जानकारी मलाई भएन ।'

तर, सुरक्षा अधिकारीहरूले भने मन्त्री ज्वालाको भनाइलाई पत्याएका छैनन् । उल्टै ज्वालाले प्रदर्शनले अशान्त रुट प्रयोग गरेर स्थिति बिगारेको बताउने गरेका छन् । घटनाको वास्तविकता भने छानबिन समितिको प्रतिवेदनपछि खुल्ने छ । यद्यपि, संसदीय समिति, गृह प्रशासनलगायत निकायले पहिलो दृष्टिमै बालकुमारी घटना हुनुमा मन्त्री ज्वालालाई जिम्मेवार ठहऱ्याएका हुन् ।

### जाँचबुझ आयोग गठन

घटनाको सत्यतथ्य छानबिनका लागि सरकारले सोमबार नै उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ । आयोगका सदस्यहरूमा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुण बिसी र गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई रहेका छन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार आयोगलाई उक्त घटनामा भएको मानवीय तथा भौतिक क्षतिको अध्ययन तथा विश्लेषण गर्ने, उक्त घटनाको कारण र त्यस स्थानमा गरिएको सुरक्षा प्रबन्ध तथा सुरक्षा योजनाको अध्ययन गरी कमीकमजोरी पहिचान गर्ने कार्यादेश दिइएको छ । आयोगलाई छानबिन अवधि एक महिना दिएको पनि मन्त्री शर्माले बताइन् ।

बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा शुक्रबार अछामको चौरपाटी गाउँपालिका-१ घर भएका वीरेन्द्र साह र दैलेखको महाबु गाउँपालिका-६ का सुजन राउतको ज्यान गएको थियो ।

### 'बालकुमारी घटना व्यवस्था विरुद्धमा'

प्रधानमन्त्री पुष्पकमल दाहालले बालकुमारीमा शुक्रबार दुई युवाको मृत्यु र मन्त्रीको गाडी जलाइएको घटनालाई लोकतन्त्र र गणतन्त्रविरुद्धको डिजाइनको रूपमा अर्थ्याएका छन् । सम्बन्धित निकायबाट बिफ्रिङ लिएपछि आफूलाई त्यस्तो लागेको उनको भनाइ छ ।

मेलमिलाप दिवसको अवसरमा कांग्रेसले सोमबार आयोजना गरेको कार्यक्रममा उनले बालकुमारी घटनालाई सामान्य ठान्न नहुने पनि बताए । 'यो कहीँ लोकतन्त्र र गणतन्त्रविरुद्धको डिजाइन कतै त छैन भन्ने मेरो अहिले कुनै प्रुफ त होइन,' उनले भने, 'म अहिले सबै भन्न चाहन्नँ । केही चिज गम्भीर लागेको छ, सामान्य छैन यो ।'

बालकुमारी घटनापछि सरकारले ललितपुरका प्रमुख जिल्ला अधिकारीलाई गृह मन्त्रालय र प्रहरी प्रमुखलाई हेडक्वार्टरमा तानेको थियो । इपिएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदी, बालकुमारीको सुरक्षा कमाण्ड सम्हालेका डिएसपी उमेश लम्सालसँगै मन्त्री ज्वालाका व्यक्तिगत सुरक्षा अधिकृत (पिएसओ) बोधराज सुनुवारलाई सरकारले निलम्बन गरेको छ ।


## निःशुल्क तालिम

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडाको आर्थिक सहयोग र यस गण्डकी मल्टिपल इन्स्टिच्युट प्रा.लि.तिनकुने, काठमाडौंको प्राविधिक सहयोगमा जुनियर ब्युटिसियन १६० घण्टे (१ महिना) निःशुल्क, खाजा सहितको सिपमुलक तालिम मिति २०८० पौष २५ गते देखी सञ्चालन हुने हुँदा यहि पौष २३ गते भित्र इच्छुक १६ देखी ४० वर्ष भित्रका नेपाली नागरिकहरुले पासपोर्ट साईजको २ प्रति फोटो र नागरिकताको १ प्रति फोटोकपी सहित दरखास्त आव्हान गरिन्छ ।

**आवेदन फारम भर्ने स्थान**

**गण्डकी मल्टिपल इन्स्टिच्युट प्रा.लि.**

**तिनकुने, काठमाडौं**

**०१-५१९९१३८, ९८४९२५५८५३**

**तालिम हुने स्थानः ललितपुर जिल्ला सातदोबाटो आसपास**



## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) सूची प्रकाशन सूचना

यस अल्फा ओटोमोटिभ प्रा.लि. ले TG Auto Group Pvt. Ltd. द्वारा नेपालमै Assembled गरिएको देहायका मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) निम्नानुसार भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | मालवस्तुको विवरण | आकार र प्रकार | ब्राण्ड | मोडेल | क्षमता (CC) | उत्पतिको मुलुक/राष्ट्र | इकाई | इकाई मुल्य प्रति इकाई | अधिकतम खुद्रा इकाई मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Royal Enfield Hunter 349.34 Factory Series | Motorcycle | Royal Enfield | Hunter 349.34 Factory Series | 349.34 | नेपाल | १ | 4,59,000 | 4,59,000 | |
| २. | Royal Enfield Hunter 349.34 Dapper Series | Motorcycle | Royal Enfield | Hunter 349.34 Dapper Series | 349.34 | नेपाल | १ | 4,75,000 | 4,75,000 | |
| ३. | Royal Enfield Hunter 349.34 Rebel Series | Motorcycle | Royal Enfield | Hunter 349.34 Rebel Series | 349.34 | नेपाल | १ | 4,79,000 | 4,79,000 | |
| ४. | Royal Enfield Classic 349.34 (Single Disc) | Motorcycle | Royal Enfield | Classic 349.34 (Single Disc) | 349.34 | नेपाल | १ | 4,99,000 | 4,99,000 | |
| ५. | Royal Enfield Classic 349.34 Dark Series (Double Disc) | Motorcycle | Royal Enfield | Classic 349.34 Dark Series (Double Disc) | 349.34 | नेपाल | १ | 5,25,000 | 5,25,000 | |
| ६. | Royal Enfield Classic 349.34 Chrome Series (Double Disc) | Motorcycle | Royal Enfield | Classic 349.34 Chrome Series (Double Disc) | 349.34 | नेपाल | १ | 5,30,000 | 5,30,000 | |
| ७. | Royal Enfield Scram 411 | Motorcycle | Royal Enfield | Scram 411 | 411 | नेपाल | १ | 6,60,000 | 6,60,000 | |

**बिक्रेता फर्मको नामः ALPHA AUTOMOTIVE PVT. LTD., Putalisadak, Kathmandu**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस १७ गते २०८०, मंगलबार

| | |
|---|---|
| **मेष** | अध्ययनमा प्रगति, चिताएको काम सम्पन्न । |
| **वृष** | नयाँ काम, धन आर्जन, कमिकमजोरीमा सुधार । |
| **मिथुन** | अर्थ अभाव, साथिभाईसँग भेटघाट र परिवारसँग टाढा । |
| **कर्कट** | भविष्यकालागि लगानी, काम पूरा गर्न समय लाग्नेछ । |
| **सिंह** | सामाजिक कार्यमा हौसल्ला, आँटले दिगो फाइदा । |
| **कन्या** | रोकिएका काम सम्पन्न, कामप्रति जिम्मेवारी। |
| **तुला** | स्वास्थ्यमा उपचारमा खर्च, धनमाल हराउन सक्छ । |
| **वृश्चिक** | प्रतिक्षा गरिएको उपलब्धि, नयाँ ज्ञानको उत्साह । |
| **धनु** | शत्रुहरु किनारा लाग्ने, ईर्ष्या गर्नेले सहयोग गर्ने । |
| **मकर** | व्यापारमा फाइदा, पशु तथा कृषि क्षेत्रमा राम्रो । |
| **कुम्भ** | अरूको विश्वास गर्दा धोका हुन सक्छ । |
| **मीन** | स्रोत र साधन जुट्नाले कर्मको उचित प्रतिफल । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १७ गते, २०८०, २ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.८४ | १३३.४४ |
| युरो | १ को | १४६.६२ | १४७.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.१२ | १६९.८८ |
| स्विस फ्रैन्क | १ को | १५७.८२ | १५८.५४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.४८ | ९०.८९ |
| क्यानाडियन डलर | १ को | १००.२८ | १००.७३ |
| सिंगापुर डलर | १ को | १००.६७ | १०१.१३ |
| जापानी येन | १० को | ९.४२ | ९.४६ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३५.४२ | ३५.५८ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.८६ | ३.८८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१७ | ३६.३३ |
| मलेसियन रिङ्गेट | १ को | २८.९१ | २९.०४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२६ | १०.३० |
| स्विडिस क्रोनर | १ को | १३.१९ | १३.२५ |
| डेनिस क्रोनर | १ को | १९.६७ | १९.७६ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.३५ | ४३४.३० |
| बहराइन दिनार | १ को | ३५२.३६ | ३५३.९५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट घघघ।लचदायचन।लउ मा उपलब्ध हुनेछ ।

# व्यवस्था जोगाउन शीर्ष नेता प्रतिबद्ध

■ प्रभाव संवाददाता







**काठमाडौं–** लोकतान्त्रिक गणतन्त्र जोगाउन शीर्ष दलका नेताहरूले एक भएर उभिने प्रतिबद्धता जनाएका छन् । सोमबार नेपाली कांग्रेसले आयोजना गरेको मेलमिलाप दिवस समारोहमा चारजना पूर्वप्रधानमन्त्री र अहिलेका प्रधानमन्त्रीले व्यवस्था जोगाउन एक हुने प्रतिबद्धता जनाएका हुन् ।

४८औं मेलमिलाप दिवसको अवसरमा सोमबार काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा गरिएको कार्यक्रममा कांग्रेस सभापति शेरबहादुर देउवाको निम्तोमा एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई एकै ठाउँमा उभिएका हुन् ।

मेलमिलाप दिवसमा सहभागी पूर्वप्रधानमन्त्रीहरू र प्रधानमन्त्री दाहालले आफूहरू गणतन्त्र जोगाउनका लागि एकताबद्ध रूपमा प्रस्तुत हुने सन्देश दिँदै राजतन्त्र कुनै हालतमा नफर्कने दाबीसमेत गरे । पाँच नेतामा अहिले शीर्ष तीन दलका शीर्ष तीन नेता देउवा, ओली र दाहालको भनाइलाई निर्णायक मानिन्छ ।

राजनीतिक विचारधारा अलग रहेका तीन नेताले लोकतान्त्रिक गणतन्त्रको सवालमा आफूहरू एकै ठाउँमा रहेको दाबी गरेका हुन् । कार्यक्रमको सुरुमै एमाले अध्यक्ष ओलीले तीन नेताहरू भेट्दा कतिपयको टाउको दुख्ने गरेको दाबी गरे । 'हामी तीन नेता भेट्दा कतिपयको टाउको दुख्छ,' ओलीले भने ।

उनले लोकतन्त्र रक्षाका लागि सबै एक हुनुपर्ने बताए । 'एकताको कुरा गर्दा प्रतिस्पर्धा स्वस्थ हुनुपर्दछ,' ओलीले भने, 'लोकतन्त्र रक्षाका लागि एक हुनुपर्छ । लोकतान्त्रिक गणतन्त्रमा हामी एक छौं । शान्तिको प्रश्नमा हामी एक छौं । सुशासनको पक्षमा एक छौं । विकासको पक्षमा हामी एक छौं ।'

एकताको व्याख्या भने कांग्रेसले गर्नुपर्ने धारणा ओलीको थियो । उनले आफूहरूको कपाल त्यतिकै नफुलेको उल्लेख गर्दै राजावादी दललाई फूर्ती नलगाउनसमेत चेतावनी दिए । 'हाम्रो कपाल त्यतिकै फूलेको होइन । हामी राजतन्त्र आउन दिँदैनौं,' उनले भने । राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले राजतन्त्र फर्काउनुपर्ने माग गर्दै आएको छ ।

यता प्रधानमन्त्री दाहालले लोकतन्त्रलाई थप मजबुत बनाउन आत्मसमीक्षाको खाँचो औंल्याए । 'लोकतान्त्रिक गणतन्त्रभन्दा राम्रो व्यवस्था अहिलेसम्म आएको छैन । सुदृढ लोकतन्त्रबाहेकको अर्को सिस्टम विकास भएकै छैन,' उनले भने, 'तर शासन सञ्चालनमा हामीबाट कमजोरी भएको छ । कहाँ हामी चुकेका छौं ? हामी सबैले आत्मसमीक्षा गर्नैपर्दछ ।'

ओलीको भनाइमा सही थप्दै दाहालले पनि तीनै दल एक ठाउँमा रहेको बताए । 'विकास, गणतन्त्र र लोकतन्त्रको निम्ति एक हुन तयार छौं भनेर जानुभयो ओलीजी । शान्ति प्रक्रिया टुंग्याउन पनि हामी तीन जना बेलाबेला भेट गर्छौं' दाहालले भने । दाहालले यसो भने पनि अझै सत्य निरूपणका लागि तीन शीर्ष नेता अझै तयार देखिँदैनन् ।

कार्यक्रममा नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालले भ्रष्टाचारको अन्त्यविना कुनै शासन व्यवस्था टिक्न नसक्ने बताए । यसका लागि दलहरूले बेलैमा सोच्नुपर्ने उनको भनाइ थियो । 'व्यवस्था बदलियो, अवस्था बदलिएन भन्ने भाष्य बनेको छ,' उनले भने, 'यसबारे सरकारको ध्यान जाओस् । भ्रष्टाचार उन्मूलन होस् ।'

पूर्वप्रधानमन्त्री डा. भट्टराईले भने सर्वदलीय सरकार बनाउन प्रस्ताव राखे । स्थिर सरकारले मात्र देशको विकास हुने उल्लेख गर्दै उनले भने, 'सबै प्रमुख दलहरूको सहभागितामा सरकार बनाऔं । पाँचै वर्ष चल्ने गराऔं । किन भागबन्डा गर्नुपर्‍यो ?'

कांग्रेस सभापति देउवाले सबै पार्टीहरू एकै ठाउँमा बस्ने संस्कार धेरै कम देशमा रहेको उल्लेख गरे । 'पार्टीका वैचारिक मतभेद र पार्टीगत प्रतिस्पर्धा भए पनि नेपालमा एउटा राम्रो कुरा के छ भने सबै पार्टीहरू एक ठाउँमा बस्ने संस्कार बनेको छ, सायद धेरै कम देशमा यो संस्कार छ । मान्छे छक्क पर्छन्,' देउवाले भने ।

देउवाले दलहरूबीच प्रतिस्पर्धा रहे पनि आपसी भाइचाराको सम्बन्ध रहेको दाबी गरे । उनले लोकतान्त्रिक गणतन्त्रका लागि दलहरू एकजुट रहेको उल्लेख गर्दै मेलमिलाप हुनुपर्नेमा जोड दिए । 'गणतन्त्रको विकल्प गणतन्त्रबाहेक अरू केही हुन सक्दैन । राष्ट्रका महत्त्वपूर्ण बुँदामा केन्द्रित भएर दलहरूबीच छलफल गर्दै एक भएर जाऔं,' दाहालले भने ।

आफ्ना संस्थापक नेता बिपी कोइराला राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई भारतबाट स्वदेश फर्किएको दिनको सम्झनामा कांग्रेसले हरेक वर्ष पुस १६ गते मेलमिलाप दिवस मनाउँदै आएको छ । मुलुकको सार्वभौम सत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेत रहेका बिपीको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेतृ शैलजा आचार्य, नेताहरू खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थीलगायतका नेताहरू मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वासित जीवनपछि २०३३ पुस १६ गते स्वदेश फर्केका थिए ।

लोकतन्त्र रक्षाका लागि एक हुनुपर्छ । लोकतान्त्रिक गणतन्त्रमा हामी एक छौं । शान्तिको प्रश्नमा हामी एक छौं । सुशासनको पक्षमा एक छौं । विकासको पक्षमा हामी एक छौं

■ **केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

लोकतान्त्रिक गणतन्त्रभन्दा राम्रो व्यवस्था अहिलेसम्म आएको छैन । सुदृढ लोकतन्त्रबाहेकको अर्को सिस्टम विकास भएकै छैन । तर शासन सञ्चालनमा हामीबाट कमजोरी भएको छ । कहाँ हामी चुकेका छौं ? हामी सबैले आत्मसमीक्षा गर्नैपर्दछ

■ **पुष्पकमल दाहाल**,
प्रधानमन्त्री

पार्टीका वैचारिक मतभेद र पार्टीगत प्रतिस्पर्धा भए पनि नेपालमा एउटा राम्रो कुरा के छ भने सबै पार्टीहरु एक ठाउँमा बस्ने संस्कार बनेको छ, सायद धेरै कम देशमा यो संस्कार छ । मान्छे छक्क पर्छन् ।

■ **शेरबहादुर देउवा**,
सभापति, नेपाली कांग्रेस

## विर्तामोडमा ट्रमा अस्पताल

**झापा–** 'हस्पिटल हब' बनिरहेको विर्तामोडमा मेरुदण्डको विशेष उपचार हुने स्पाइनेक्स सुपर स्पेसलिटी हस्पिटल एन्ड ट्रमा सेन्टर थपिएको छ । विर्तामोड-३ भगवान्चोकमा स्थापना भएको १५ शयाको उक्त अस्पताल सोमबारदेखि सञ्चालनमा आएको छ । अस्पतालका सञ्चालक एवं वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा. प्रेमबहादुर शाहीले मेरुदण्ड (स्पाइन)सम्बन्धी उपचार गर्ने नेपालकै पहिलो ट्रमा सेन्टर भएको बताए । अस्पतालमा ३० करोड रूपैयाँको प्रारम्भिक लगानी रहेको जनाउँदै उनले यहाँ हाडजोर्नी, नशा तथा मेरुदण्डसम्बन्धी सबै विशेषज्ञ उपचार सेवा प्रदान गरिने र एक वर्षपछि यसलाई विस्तार गरेर १०० शयाको बनाइने जानकारी दिए ।

सडक दुर्घटना हुँदा हाडजोर्नीको क्षतिदर उच्च हुने र त्यसको तत्काल विशेषज्ञ उपचार सेवा उपलब्ध भएमा जीवन बचाउन सकिने सम्भावना भएकाले सुपरस्पेसलिटी अस्पतालको आवश्यकता भएको उनले बताए । अस्पतालमा गुणस्तरीय र सर्वसाधारणको सहज पहुँच पुग्नेगरी सुलभ उपचार सेवा दिइने बताइएको छ ।

अस्पतालका मेरुदण्ड विशेषज्ञ डा. गौरव ढकालले हाडजोर्नी तथा मेरुदण्डको उपचारका लागि अब भारत धाउनु नपर्ने सुनाए । अस्पतालले कि-होल सर्जरी, जोर्नी प्रत्यारोपण, कम्प्लेक्स ट्रमा सर्जरी, बोन बायोप्सी, छिनेको हातखुट्टा जोड्ने उपचार, सिटिस्क्यान, अत्याधुनिक ल्याब, क्याबिनसहितको डे-केयर सर्जिकल मेडिकल वार्डलगायतको उपचार सेवा तथा सुविधा प्रदान गर्ने भएको छ ।

झापाको विर्तामोडमा यसअघि निजी क्षेत्रबाट स्थापना भएका एक दर्जन सुविधासम्पन्न अस्पताल सञ्चालनमा रहेका छन् । बिएण्डसी टिचिङ हस्पिटल, पूर्णटुंग बिर्तासिटी हस्पिटल, मनमोहन सामुदायिक अस्पताल, कनकाइ अस्पताल, कञ्चनजंघा अस्पताल, सञ्जीवनी अस्पताल, मेची आँखा अस्पताल, विर्ता आँखा अस्पताल, दृष्टि आँखा अस्पताललगायतका अस्पतालले झापा जिल्लामात्र नभएर कोशी प्रदेशका विभिन्न पहाडी जिल्ला र भारतबाट आउने बिरामीको आधुनिक प्रविधियुक्त चिकित्सा सेवा प्रदान गरिरहेका छन् । *रासस*


नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग
महाकाली सिंचाई आयोजना तेस्रो चरण
महेन्द्रनगर, कञ्चनपुर

**ठेक्का अन्त्य किन नगर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशन मिति : २०८०/०९/१७ गते

यस आयोजना र निर्माण व्यवसायी श्री Niraj-MD Group JV, महेन्द्रनगर, कञ्चनपुरबीच भएको ठेक्का सम्झौता अनुसार Contract No: MIP-III/CAP/NCB-02/2078-79, Command Area Protection Works of Bagun Khola को निर्माण कार्य मिति २०८०/०६/२५ सम्ममा सम्पन्न गर्नु पर्ने थियो । साइट निरीक्षण अनुसार कार्य प्रगति सन्तोषजनक नभएपछि मिति २०८०/०६/०७ मा मिति २०८०/०६/२६ देखि पूर्वनिर्धारित क्षतिपूर्ति सहित म्याद थप भएको जानकारी गराइएको र तत्पश्चात पटक-पटकको मौखिक निर्देशन तथा मिति २०८०/०८/१४ मा आयोजनाबाट गरिएको पुनः ताकेता पत्र समेतको बेवास्ता गरी निर्माण कार्य सुरु गर्नेतर्फ कुनै चासो नदेखाएको हुँदा आयोजनाले तहाँ निर्माण व्यवसायी श्री Niraj-MD Group JV सँग भएको ठेक्का सम्झौता अन्त्य किन नगर्ने ? ठेक्का सम्झौता अन्त्य गर्नु नपर्ने कुनै मनासिव कारण भए यसै सूचनालाई अन्तिम ताकेता मानी ठोस कारण प्रमाण सहित सात (७) दिनभित्र यस आयोजनामा सम्पर्क गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

आयोजना प्रमुख



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : RUKN AL EMAAR CONTRACTING EST..
पूर्व स्वीकृति मिति २०८०/०७/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१६ | LT. No. 294114 | चलानी नं. ६०२०९३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Buildings | 1 | 0 | 1200 | ४२६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1200 | ४२६०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १८ गते (3rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैँले | रु.७००/– कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले     सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ORU CANTEEN COMPANY
पूर्व स्वीकृति मिति २०८०/०९/१६ | LT. No. 297491 | चलानी नं. ६०२१२४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Labor/Coffee maker | 10 | 0 | 150 | ६४,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner/Labor/Coffee maker | 0 | 9 | 150 | ६४,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २४ गते (9th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले     सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम ईजाजत न ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



SUNAWARSHI MUNICIPALITY
OFFICE OF THE MUNICIPLE EXECUTIVE
DAINIYA, MORANG
KOSHI PROVINCE

**INVITATION FOR BID**

**Published date : 2080/09/17 (2024/01/02)**

1. **Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang** invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ROAD/080/81-04 | Prasannalal ko ghar dekhi rangeli simana samma sadak kalopatre | 40,54,919.63/- | 90,000 /- | 3,000 /- |
| SUNMUN/ROAD/080/81-05 | Ward no 3 Surat Sunbarsi sadak kalopatre nirantarta | 40,72,279.64/- | 90,000 /- | 3,000 /- |
| SUNMUN/ROAD/080/081-06 | Morang Jillako sunawarshi Nagarpalika ward number 2 narabung chowk dekhi dohomana samma nala nirman ra kalopatre | 36,29,462.06/- | 80,000 /- | 3,000 /- |

2. Eligible Bidder may obtain further information from **sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com**
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **(SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:-A/C No:- 26856389230178)**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of **sunawarshi Municipality Dainiya Morang** By eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or **Before 2080/10/17** during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before **12:00 noon on 2080/10/18.** Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on **Magh, 18, 2080 13:00 hrs** at **sunawarshi municipality Dainiya, Morang.** Bids must be valid for a period of **90 days** and must be accompanied by Bid security, which shall be valid for minimum of **30 days** beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## अवस्था सुधार

राजनीतिक दलका शीर्ष नेताको कार्यशैलीका कारण जनता असन्तुष्ट छन् । अवसर आसेपासेलाई, सुविधा आफन्तलाई, पद सके आफैंलाई नसके भाइ भारदार हुन्छ वा आफन्तलाई । यसै कारण जनता रुष्ट छन् । बेलाबेला यो असन्तुष्टि सडकमा पोखिन्छ । तर शीर्ष दलका नेताले आफूमाथि आएको आलोचनालाई ठीक फरक तरिकाले सम्बोधन गर्छन् ।


सोमबार प्रधानमन्त्री भइसकेको पाँच–पाँच जना एकै स्थानमा उभिएर कार्यशैलीभन्दा पनि आफूहरूको एकता व्यवस्था जोगाउन भएको भन्दै जुँगामा ताउ लगाउन भ्याए । पञ्चनेताहरूले देश ठीकठाक पार्न आफूहरूको भेटघाट भइरहने दाबी गरे । उनीहरूको भेट के व्यवस्था जोगाउनका लागि नै होला त ? अहिले राजनीतिक नियुक्तिदेखि निर्वाचनमा उम्मेदवार बनाउन आफ्ना मान्छेबाहेक अरुले मौका पाउन मुश्किल छ ।

देशको जनशक्ति बहिरिएसँगै सरकारलाई चौतर्फी घाटा हुन्छ । खर्च गर्ने उमेरका धेरैजसो युवाहरू विदेशिँदा देशको क्रयशक्ति कम हुन्छ । जसका कारण देशको आर्थिक घाटा गहिरिँदै जान्छ । सत्ताधारीहरू भने आफूले पनि खर्च पाउने, देशको ऋण तिर्न पनि हुने भन्दै युवालाई विदेशमै श्रम गर्न बाध्य पार्न उद्धत देखिन्छ । गएको चुनावमा पूर्वप्रधानमन्त्रीसमेत रहेका एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले आफ्नो क्षेत्र पुगेर निःशुल्क विदेश पठाउने घोषणा गरेका थिए । उनीमात्र हैन पूर्वप्रधानमन्त्री शेरबहादुर देउवापत्नी आरजुले पनि आफूलाई मत हाल्नेलाई वैदेशिक रोजगारमा पठाइदिने चुनावी चिट्ठा फुकाएका थिए ।

देशमा रोजगारीको वातावरण हुँदाहुँदै दलाली गर्दा कमिसन पाइने लोभमा नेताहरूले युवालाई जसरी पनि विदेश जान लालयित बनाउँछ नै । चुनाव खर्च जोहो गर्न नेताहरूले कन्सल्टेन्सीदेखि म्यानपावरसम्म श्रमिकलाई पुऱ्याउने गर्छन् । यसरी नै युवाहरू विदेश गइरहेका छन् । देशमा भ्रष्टाचारको ग्राफ उकालो लागेको छ । अनियमितताको कुरा साध्य छैन, घुस खुलेआम चल्न थालेको छ । घूस नखुवाई काम हुन्न भन्ने भाष्य स्थापित भइसकेको अवस्थामा शीर्ष दलका नेताहरू एकै ठाउँ उभिएर व्यवस्था जोगाउन एक हुने प्रतिबद्धता जनाएका हुन् ।

यसरी एक हुनेमा सत्ताधारीदेखि प्रतिपक्षीसम्म छन् । हुन त जुनसुकै घोटालामा मिलेर ढाकछोप गर्न सिपालु शीर्ष नेताहरूको के कुरा गर्नु र ? लोकतान्त्रिक गणतन्त्र जोगाउनुपर्छ । तर जहाँनिया शासनको अन्त्य गरेर नेताहरूको जहाँनिया शासन ल्याउनु निकै डरलाग्दो विषय हो । यस्तो विषयमा दलका नेताहरूले शीघ्र आत्मसमीक्षा गर्न जरुरी छ । आत्मसमीक्षासँगै अवस्था सुधार्नु जरुरी छ । नभए दलको एकता र मेलमिलापको कुरालाई जनताले गफको रूपमै सोच्ने छ ।

# बिपीको मेलमिलापको कसीमा वर्तमान



▶▶ धर्मेन्द्र झा

देश आज संघीयतामा गएको छ । नयाँ संविधान कार्यान्वयनको अवस्थामा छ । हिजोका भन्दा फरक राजनीतिक अवस्था छ । राजनीतिमा नयाँ पात्र र विचारको उदय भएको छ । भूराजनीतिक अवस्था संवेदनशील छ । यस्तो अवस्थामा सायद नेपालको राजनीति र समग्र अवस्था हिजोको भन्दा जटिल छ । यस्तोमा मेलमिलापको सान्दर्भिकता बढेर गएको कुरामा दुई मत हुन सक्दैन । नेपालको विकास अपरिहार्य रहेको अवस्थामा नेपालका सबैथरि राजनीतिक शक्तिका बीच न्यूनतम समझदारीको आवश्यकतालाई अस्वीकार गर्न सकिँदैन ।

नेपाली कांग्रेसका संस्थापक महानायक बिपी कोइराला आठ वर्षको भारत निर्वासनपछि स्वदेश फर्किएको दिनलाई नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप दिवसका रूपमा मनाउँदै आएको छ । त्यसो त कांग्रेसभित्रैका केही नेताको बुझाइमा भारत गमन बिपीको आत्मनिर्वासनको निर्णय थियो । बिपी त्यसबेला भारत जानुपर्ने कुनै खास आन्तरिक कारण नरहेको यो तप्काको बुझाइ छ । तर यो एक विचार मात्र हो । यसको पक्षमा सम्पूर्ण समर्थन जनाउन सकिने अवस्था छैन । यस धारणाको विपक्षमा अर्कोथरि धारणा पनि छ-सायद बिपी त्यसबेला भारत नगएको भए नेपालको राजनीतिले फरक धार समाउने थियो होला ।

यस्तै भारतबाट नेपाल फर्कनु पनि बिपीको रणनीतिगत योजना थियो र त्यो अपरिहार्य थियो भन्नेहरूको मत पनि बलियो छ । त्यतिबेलाको राष्ट्रिय राजनीतिको आवश्यकता बोध गरेर बिपीबाट लिइएको एक अनिवार्य तर परिपक्व निर्णय थियो, नेपाल आगमन । जे होस्, यो बहसको फरक विषय हो । इतिहाससँग जोडिएको यस विषयका सम्बन्धमा भविष्यले अनेकथरि धारणा तय गर्ने सम्भावनाहरू जीवित नै रहन्छन् । तर मेलमिलापको औचित्य स्वीकार गर्दै बिपी नेपाल फर्किएपछि नेपालको आन्तरिक राजनीतिले नयाँ धार र दिशा लिएको भने पक्कै हो । यसमा दुई मत हुन सक्दैन ।

सन् १९६८ मा भारत गएका बिपी ३० डिसेम्बर १९७६ का दिन स्वदेश फर्केका थिए । बिपी नेपाल फर्किएको कुराको त्यसबेला कांग्रेसलगायत प्रजातान्त्रिक मूल्य मान्यतामा विश्वास गर्ने धेरैले स्वागत गरेका थिए । तर उनको अनुपस्थितिका कारण रिक्त स्थानको लाभ उठाउँदै टाउको उठाउन थालेको वामपन्थले भने बिपीको स्वदेश आगमनलाई खासै रुचाएको थिएन भनेर टिप्पणी गर्ने गरिन्छ । यसमा कति सत्यता छ, त्यो अनुसन्धानको फरक विषय हो । बिपी नेपालबाट जाँदा र फर्कंदाको बीचमा स्थानीय राजनीतिक परिदृश्यमा निकै फरकपन आइसकेको थियो ।

राजा महेन्द्र, जसले नेपालमा वामपन्थ बढ्न सहयोग गरे भन्ने मानिन्छ, को अवसान भइसकेको थियो । राजाका रूपमा बेलायतमा उच्च अध्ययन गरेका वीरेन्द्र अवतरित भएका थिए । चीनको परिवर्तित राजनीतिक अवस्थाको प्रभाव नेपालमा परेको थियो । बंगलादेशको स्थापना र भारतमा सिक्किम विलयको प्रभावबाट पनि नेपाल अछुतो थिएन । यसै विषयलाई लिएर नेपालमा विद्यार्थी आन्दोलन पनि चर्केको थियो । नेपाली कांग्रेसले विगतमा प्रारम्भ गरेको सशस्त्र संघर्षको औचित्यमाथि कांग्रेसभित्रै प्रश्नचिह्न उठाइरहिएको थियो । विश्व असंलग्न आन्दोलनमा सहभागी भएर नेपाली राजतन्त्रले आफ्नो औचित्य प्रमाणितको प्रयास गरिरहेको थियो । यस्तो परिस्थितिमा बिपीको नेपाल आगमन भएको थियो, जसले तात्त्विकरूपमा निकै अर्थ राख्दथ्यो ।

बिपीको नेपाल आगमनको सन्दर्भलाई आजको अवस्थामा नयाँ ढंगले विश्लेषण गरिनु आवश्यक छ । माथि उल्लेखित पृष्ठभूमिका केही कारक अवस्था हुन्, जसको विश्लेषण गरिनु जरुरी छ र यसै आलोकमा बिपीको नेपाल आगमन र राष्ट्रिय मेलमिलापको नीतिलाई बुझ्नु जरुरी छ । अर्को कुरा, बिपीको अनुपस्थितिमा नेपाली राजनीतिले एक नयाँ 'कोर्स' लिने प्रयास त गरिरहेको थियो नै सँगै निर्वासित भूमिमा रहेका सम्बद्ध जिम्मेवारसँग पनि उनको दूरी बढिरहेको आकलन त्यसबेला गरिएको थियो । जवाहरलाल नेहरू पुत्री इन्दिरा गान्धी सन् १९७५ को इमरजेन्सीमार्फत निकै शक्तिशाली बनेको चर्चा त्यसबेला थियो । विमान अपहरणको आरोपमा केही व्यक्तिलाई भारत सरकारले पक्राउ गरेको भनिएको थियो । यस्तो अवस्थामा सायद बिपीलाई भारतमा रहिरहँदा आफ्नो राजनीतिमा बाह्य निगरानी र नियन्त्रण बढ्नसक्ने सम्भावनाले पनि गाँजेको हुन सक्छ र नेपाल फर्केर कमजोर बन्दै गइरहेको प्रजातान्त्रिक आन्दोलनलाई नयाँ ढंगले उचाइमा पुऱ्याउनु जरुरी थियो ।

बिपी नेपालका पूर्वप्रधानमन्त्री थिए । नेपाली कांग्रेसका सभापति थिए । यसर्थ उनको नेपाल आगमनलाई किन अस्वाभाविक मान्ने भन्ने प्रश्न गर्न सकिन्छ तर नेपालको आन्तरिक राजनीतिक कारणले निर्वासनमा रहेकाले बिपीले नेपाल आगमन हेतु त्यही समय किन रोजे भन्ने प्रश्न महत्त्वपूर्ण छ । यस सन्दर्भमा माथिका आधारमा विश्लेषण गर्ने हो भने नेपाल आगमनको त्यो समयलाई बिपीले रणनीतिक रूपमा प्रयोग गरेको रूपमा बुझ्न सकिन्छ । त्यसबेलामा राष्ट्रिय राजनीतिका सन्दर्भमा सम्भवतः बिपीका सामु तीन/चार अवस्था विश्लेषणयोग्य थिए । पहिलो, राजा महेन्द्रको अवसान भई राजा वीरेन्द्रको उदय भइसकेको थियो, जो तुलनात्मकरूपमा प्रजातन्त्रमा विश्वास गर्छन् भन्ने मानिन्थ्यो । अतः हिजोको राजासँगको व्यक्तित्वको लडाइँ अन्त्य गरेर नयाँ राजासँग सम्बन्ध सुधार गरी नेपालमा प्रजातन्त्रको संघर्षको नयाँ अध्याय प्रारम्भ गर्न सकिन्छ भन्ने बिपीको बुझाइ हुन सक्छ । उनको मेलमिलाप नीतिको विश्लेषण गर्ने हो भने यो राजा लक्षित थियो भन्न सकिने आधारहरू प्रशस्त छन् । उनले राष्ट्रियता संरक्षणको कुरा उठाउँदै राजाको घाँटी र आफ्नो घाँटी जोडिएको उल्लेख गरेबाट पनि बिपीको रणनीतिक सोचको विश्लेषण गर्न सकिन्छ ।

दोस्रो, आफ्नो अनुपस्थितिमा रिक्त स्थानमा टाउको उठाउन थालेको वामपन्थी प्रभावलाई रोक्नु जरुरी रहेको बिपीको बुझाइ हुन सक्छ । प्रजातान्त्रिक आन्दोलन कमजोर हुँदा वामपन्थी आन्दोलन फस्टाउन सक्थ्यो र शीतयुद्धकालीन विश्वमा नेपाल कुनै खास खेमामा आबद्ध हुन सक्थ्यो । तेस्रो, मूलधारबाट धेरै समय टाढा रहँदा राष्ट्रिय राजनीतिमा आफ्नो प्रभाव कमजोर हुन सक्थ्यो र नेपाली कांग्रेसमाथिको आफ्नो नियन्त्रण र प्रभाव नै पनि समस्यामा पर्न सक्थ्यो । र चौथो, नेपालमा बढ्दो आन्तरिक कट्टरवादी प्रभाव र विदेशी स्वार्थलाई रोक्नु जरुरी थियो ।

सम्भवतः यी यस्ता आधार थिए जसले बिपीलाई त्यही समयमा नेपाल फर्कन प्रेरित गरेको हुन सक्छ । तर जे होस तात्कालीन राष्ट्रिय राजनीतिमा बिपीको मेलमिलाप नीतिको सकारात्मक प्रभाव परेको थियो, यसमा विमति हुन सक्दैन । सबभन्दा महत्त्वपूर्ण कुरा बिपी स्वदेश फर्किएपछि आमजनतामा नयाँ आशाको सञ्चार भएको थियो भने कांग्रेसले नै पनि नयाँ रूप प्राप्त गर्ने प्रयासको प्रारम्भ भएको थियो । वैचारिक दृष्टिले कांग्रेस तुलनात्मकरूपमा केही परिपक्व भएको अनुभव गरियो ।

आज नेपालमा राजतन्त्र छैन । वामपन्थी आन्दोलन पनि हिजोको अवस्थामा छैन । कांग्रेसले पनि नयाँ उचाइ र कलेवर प्राप्त गरेको छ । कांग्रेसको नेतृत्व कोइराला परिवारभन्दा बाहिर गएको छ । विश्वमा रहेको असंलग्न आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन । यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति, आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा, को औचित्य छ ? यसको जवाफ हो, छ । बरु हिजोको दिनभन्दा आज यो नीति अझै सान्दर्भिक र महत्त्वपूर्ण ठहरिएको छ । हाल देशले विभिन्न नाममा राजनीतिक निकास नपाइरहेको अवस्थामा यो नीतिको उपयोगले सार्थक परिणाम सिर्जना गर्न सक्छ ।

देश आज संघीयतामा गएको छ । नयाँ संविधान कार्यान्वयनको अवस्थामा छ । हिजोका भन्दा फरक राजनीतिक अवस्था छ । राजनीतिमा नयाँ पात्र र विचारको उदय भएको छ । भूराजनीतिक अवस्था संवेदनशील छ । यस्तो अवस्थामा सायद नेपालको राजनीति र समग्र अवस्था हिजोको भन्दा जटिल छ । यस्तोमा मेलमिलापको सान्दर्भिकता बढेर गएको कुरामा दुई मत हुन सक्दैन । नेपालको विकास अपरिहार्य रहेको अवस्थामा नेपालका सबैथरि राजनीतिक शक्तिका बीच न्यूनतम समझदारीको आवश्यकतालाई अस्वीकार गर्न सकिँदैन । यस परिस्थितिमा बिपीको राष्ट्रिय मेलमिलापको नीतिले सार्थक परिणाम दिनसक्छ र हाल देशले राजनीतिक निकास नपाइरहेको अवस्थामा निश्चय पनि निकास पहिल्याउन सक्छ । *रासस*

## मनन्योग्य

### चाणक्य नीति

तपाईंको साहस धन्य छ मित्र ? यत्रो सम्पूर्ण कुरा भइसक्दा पनि फेरि त्यही उत्साह ?

केही सोच्दै राक्षसले आफ्नो सबैभन्दा योग्य र विश्वस्त गुप्तचर विराधलाई भन्न लागे- 'तिमी आफ्नो समाचार सुनाऊ मित्र ? अब तिमी नै भन चाणक्यलाई कसरी जित्ने ?'

तपाईंको कृपा मालिक ! हामी शत्रुलाई शत्रुकै तीरले मार्छौं । मैले चाणक्यको 'कौटिल्य अर्थशास्त्र' मागेर पढें । त्यसमा शत्रुनाशका धेरै कुरा लेखिएका छन् हामी चन्द्रगुप्तको सेनामा विद्रोहको बीउ रोप्छौं । राज्याधिकारी र मन्त्रीहरूमा स्वार्थको बीउ हालेर फुट पैदा गर्छौं ।

मलाई तिमीजस्तो साथीसँग पूरा भरोसा छ विराध तिमी सुझबुझले ओतप्रोत भएका व्यक्ति हौ ।

राक्षस र विराधको यो कुरा हुँदै थियो । एउटा संकेत स्वरले दुवै झस्के विराधले सतर्क हुँदै भन्यो- 'लाग्छ कुनै गुप्तचर हो । शत्रु या मित्र यसलाई हेर्नुपर्दछ' ।

उसलाई हेर्न विराध हिँड्यो अगाडि जीवास एक अपरिचितलाई लिई आइरहेछ । जीवाक्ष त्यै गुप्तचर थियो जो विषकन्यासँग गएको थियो । चाणक्यद्वारा बन्दी भएको थियो । नजिकै आएपछि जीवाक्षले विराधको चरण छोयो। अपरिचितले नमस्कार गऱ्यो ।

जीवाक्षले भन्यो- 'त्यो संकेत आवाज मेरै थियो । म यी मित्रको उपकारी हुँ । यिनले आफ्नो प्राण संकटमा पारेर चाणक्यको दुर्भेद्य कारागारबाट छुटाए । यो प्रयासमा यिनी घायल भए । ईश्वरका कृपाले शत्रुका तीरबाट बल्लबल्ल बच्ची । यी पनि चाणक्यसँग प्रतिशोध लिने प्रतीक्षामा छन् । अवसर खोज्दै थिएँ यस्तैमा परमगुणी महामात्य राक्षससँग मेरो भेट गराउन यिनलाई लिई यहाँ आएको हुँ ।

विराध ती दुवैलाई लिई राक्षसकहाँ गयो । जीवाक्षले घटना भन्यो । राक्षसले खुसी हुँदै हामीलाई यो समयमा मित्रको अति आवश्यकता छ भने । सायद राक्षस त्यो रहस्यमय चाणक्यका रहस्यबाट परिचित थिएन ।

वास्तवमा सिंहका गुफामा प्रवेश गरे उसका रहस्य जान्न एक सामा चाल थियो यागको वास्तविकता थियो जीवनलाई छुटाउन पि ज्ञ व्यक्ति को एक विश्वस्त गुप्तचर थियो ।

यो चाणक्यको गोप्य गुप्तचरीको नै एउटा चमत्कार थियो। उनलाई मिनेट मिनेटको सूचना प्राप्त हुन्थ्यो । क्रमशः

## पत्र-मञ्जुषा

# अर्थमन्त्रीज्यू, झूठो आश्वासन कहिलेसम्म बाँड्नुहुन्छ ?

भनिन्छ कि- झूठो टिक्दैन, सत्य लुक्दैन । अर्थमन्त्री डा. प्रकाशशरण महतले केही दिनअघि अर्थतन्त्र लयमा फर्किएको र घरजग्गा, सेयरको मूल्य पनि अब नघट्ने दाबी गरेका थिए । तर, उनको यो कुरा केही दिन पनि टिक्न सकेन । सेयरमा फेरि पनि गिरावट आउन थालिसकेको छ ।

घरजग्गाको त झन् कुरै छोडौं । मानिसहरूलाई कसरी आफ्नो घरजग्गा बेचेर बैंक तथा वित्तीय संस्थाको ऋण तिर्नुजस्तो भइरहेको छ । मालपोत कार्यालयमा अंशबण्डबाहेक घरजग्गा किनबेच हुन्न । मालपोतका कर्मचारीहरू कार्यालयमा हिटर तापेर बसेका हुन्छन् ।

त्यस्तै, मालपोत कार्यालयमा लेखनदास गर्ने वा कानुन व्यवसायीहरू पनि काम नभएपछि भाडा तिर्न नसकेर बसाइँ सरेका छन् । बजारमा घरजग्गा बेच्न चाहने यत्तिकै भेटिन्छन् । चाहे त्यो चिया पसलमा नै होस् या भट्टी पसलमा ।

अहिले त सार्वजनिक यातायात र स्थलमासमेत मानिसहरू आफ्नो घरजग्गा किनिदिने खोजिदिनुस् भन्दै हिँडिरहेका हुन्छन् । बूढापाकाले भन्थे, 'एउटा नबिग्री, अर्को सप्रिँदैन ।' एक साताअघि सेयरको मूल्य ह्वात्तै बढ्यो । सर्वसाधारणमा भ्रम सिर्जना गरियो कि अब सेयर लयमा फर्कियो । तर, सीमित दलालीहरूले आफ्नो सेयर बेच्नेका लागि यो रणनीति अपनाएको आमजनताले बुझेनन् । ती दलाली त आफ्नो सेयर महँगोमा बेचेर गइहाले तर त्यो महँगोमा सेयर किन्ने व्यक्ति अब डुब्ने छ । फेरि बैंकले १०० रूपैयाँ कित्तामा निष्काशन गरेको सेयर भनेर थाहा हुँदाहुँदै २१ सयदेखि ४०० मा किनिन्छ भने त्यो व्यक्ति नडुबे अरू को डुब्छ ?

आनाको ५० हजार नजाने जमिनलाई ५५ लाखमा किनिन्छ भने त्यो मानिस नडुबे अरू को डुब्छ ? उता, भारतमा एक लाखमा पाइने सवारीसाधन यहाँ २० लाखमा किनिन्छ । अनि त्यो व्यक्ति नडुबे अरू को डुब्छ ? चर्चित भनाइ छ नि- 'भीरमा जाने गोरुलाई रामराम मात्र भन्न सकिन्छ' ।

घरजग्गा, गाडी र सेयर दलालीहरूले आफ्नो स्वार्थको लागि सर्वसाधारणलाई फसाउँदै आएका थिए । जब सञ्चारकर्मीहरूले सर्वसाधारणको आँखा खोलिदिए, तब यस्ता ठगको कमाइमा गिरावट आयो । आमनागरिक ठगिनबाट जोगिए । यता, जो व्यक्तिले दलालीको लहैलहैमा लागेर महँगोमा घरजग्गा, गाडी र सेयर किनेको थियो, ऊ त डुबि नै हाल्यो । अब त्यो व्यक्ति कहिल्यै उक्सिन लाग्न सक्दैन । मौद्रिक नीतिका कारण सेयरको कारोबार बढ्यो भन्दै दलालीहरूले राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई धन्यवाद दिए । उनीहरूले केकसमेत काटेर खाए ।

तर, उच्च बिन्दुमा पुगेको सेयर दुई साता पनि टिक्न सकेन । बिडम्बना, ती दलालीहरूको खुसी केही क्षणको मात्र हुन पुगेको छ । अहिले सेयरको मूल्यसँगै कारोबार रकम पनि घट्दो छ । अर्थमन्त्री महत दलालीहरूको कार्यक्रममा जान्छन् अनि उनीहरूलाई खुसी बनाउन र जनतामा भ्रम छर्न अर्थतन्त्र लयमा फर्किएको र घरजग्गा, गाडी र सेयर पनि पहिलाकै अवस्थामा फर्किएको बताउँछन् ।

आफ्नो पद जोगाउनका लागि अर्थमन्त्री महतले यस्तो रणनीति अपनाइरहेका छन् । कतिपय अर्थविद् खुलेर भनिसकेका छन् कि मुलुकको अर्थतन्त्र नाजुक अवस्थामा पुगिसक्यो । बैंक तथा वित्तीय संस्थासँगै व्यक्तिको सबै पैसा घरजग्गा, गाडी र सेयरमा फस्यो । बच्चादेखि बूढालाई थाहा छ कि १०० रूपैयाँको सेयर पाँच हजार पुऱ्याउने दलाली हो ।

एक लाखको जग्गा करोड पुऱ्याउने पनि दलाली नै हो भने एक लाखको गाडी २० लाख पुऱ्याउनुमा पनि दलालीकै हात छ । घरजग्गा, गाडी र सेयरमा भएको लगानीले न राज्यलाई राजस्व आएको छ न जनतालाई केही राहत भएको छ । सीमित व्यक्तिहरूले आफ्नो फाइदाको निम्ति मूल्य बढाएका थिए ।

अर्थविद्, विज्ञहरूले पनि समयमै घरजग्गा, गाडी र सेयरमा लगानी नगर्नू भनेर सचेत नगराउँदा आज व्यक्तिसँगै बैंक तथा वित्तीय संस्था डुबेका छन् । बजारमा दुईवटा कुरा जताततै सुनिन्छ । एउटा पूर्वअर्थमन्त्री डा.युवराज खतिवडाले सेयरमा लगानी गर्नु जुवा खेल्नु बराबर भएको भनेको र अर्को तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारी कर्मचारीलाई तलबभत्ता खुवाउनसमेत विदेशीसँग हात थाप्नुपरेको भनेको कुरा अहिले जनता सम्झिन्छन् ।

तीन वर्षअघि पाँच करोडमा किनेको घडेरी अहिले करोडमा बिक्री नभएको पनि बजारमा सुनिन्छ । अब बजार कसले उचाल्ने ? फेरि कसरी बढ्छ घरजग्गा, गाडी र सेयरको मूल्य ? मूल्य बढाउने दलालीहरू बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकेपछि भागेका छन् । कतिपयले आत्महत्यासमेत गरे त कतिपय लुकिछिपी बाँकी जीवन कटाइरहेका छन् । जो व्यक्तिसँग पैसा थियो, उसले बैंक तथा वित्तीय संस्थाबाट आफ्नो रकम निकालेर घरमा लुकाइसकेको छ । करोड बचतकर्ताको खर्बौं रकम त सहकारी र लघुवित्तले डुबायो ।

अहिले बैंकबाट कर्जा लिएर घरजग्गा, गाडी र सेयर किन्नेहरू किस्ता तिर्न नसकेपछि तनावमा छन् । उनीहरू आफ्नो धितो बेच्न लागिपरेका छन् । तर, किनिदिने चाँहि कसले ? फेरि बैंक आफैंले लिलाम गरेको घरजग्गा, तानेको गाडी र सेयर पनि किन्ने कोही पाउँछ कि भनेर बैंकका कर्मचारी खोज्दै हिँडेको पनि पाइन्छ । त्यसैले अर्थमन्त्री महतले बोलेजस्तो अवस्था छैन । उनलाई जनताको प्रश्न छ- झूठो आश्वासन दिएर कहिलेसम्म आफ्नो पद जोगाउनुहुन्छ ?

*-रूषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# प्रकृतिको क्रिडाभूमि मनाङको स्वरूप फेरिँदै

■ नवीन लामिछाने



मनाङ- हिमालबाट आएको मर्स्याङ्दी नदीको सङ्लो र कञ्चन पानी तथा स्वच्छ हावाको महसुस गर्दै प्राकृतिक सुन्दरताको भरपुर मनोरञ्जन लिन पाइने क्षेत्र हो मनाङ। सहरको कोलाहलबाट टाढिएर प्रकृतिमा रमाउन चाहनेका लागि नदी किनारका साथै हिमाल हाँसेको जस्तो आभास दिने एवं अग्ला पहाडका चुचुरा हेर्दै उकालो चढ्दै जाँदा स्वर्गमै पुगेको जस्तो अनुभूति हुन्छ।

यस क्षेत्रको भ्रमण गर्न विदेशीमात्रै नभई नेपाली पर्यटक पनि उत्सुक हुँदै आएका छन्। कञ्चन पानी बगिरहेको यस नदी किनारका साथै यहाँको वातावरणले प्रकृतिको काखमा विश्राम गरेजस्तो महसुस हुने गरेकामा अहिले यहाँको स्वरूपमा विस्तारै परिवर्तन आउन थालेको छ। विश्वमा प्रकृतिको क्रिडाभूमिका रूपमा चर्चा पाएको मनाङमा जलवायु परिवर्तनको असर देखापर्ना साथै प्रदूषण पनि बढ्दो अवस्थामा छ। साथै मानवीय तवरबाट हुने अन्य फोहर पनि बढ्दै गएको अवस्था छ।

हिजोआज मनाङ पुग्न सडक सञ्जालले सहज र छिटो बनाएको छ। यहाँको यात्रामा निस्कने पर्यटक तथा स्थानीयवासीले हिमाली क्षेत्रमा चिसो हुने भएकाले प्याकेटका खानेकुरालाई प्राथमिकता दिने गरेका छन्। प्लास्टिकका प्याकेटमा रहेका खाद्यवस्तुको वजन कम हुने हुँदा बढीमात्रामा प्लास्टिकमा प्याक भएका वस्तुको उपयोग भएको पाइन्छ। प्लास्टिकजन्य फोहरमैलाले यस क्षेत्रमा प्रदूषण बढ्दै गएको हो।

## मनाङमा वर्षा

पछिल्लो समय मनाङमा वर्षा हुन थालेकाले विश्वमा उत्सर्जित जलवायु परिवर्तनले यहाँका प्रकृतिक सम्पदामा पनि प्रत्यक्षरूपमा असर पारेको छ। २०७८ जेठ १४ र असार १ मा मर्स्याङ्दी नदीमा विनासकारी बाढी आउनु नै वायु प्रदूषणकै असर भएको आँकलन गरिएको छ। सोही बाढीले यहाँका प्राकृतिक सौन्दर्यमा ठूलो क्षति पुऱ्याउनाका साथै यहाँको प्रकृतिक स्वरूपमा पनि परिवर्तन ल्यायो।

त्यसअघिसम्म बाढी नै नआएको मनाङमा पहिलोपटक बाढी आएको देखेका मनाङ ङिस्याङ गाउँपालिका-१ माथिल्लो पिसाङका ७० वर्षीय याङदुङ गुरुङ बताउँछन्। उनी भन्छन्, 'हामी जन्मिएर बुढा भयौं तर मर्स्याङ्दी नदीमा बाढी आएको कहिल्यै देखेको थिएनौं। खै के भएको हो बुझ्नै सकिएन। पृथ्वीमा के परिवर्तन हुँदै छ कुन्नी यस्तो ? कहिल्यै बाढी नआउने नदीमा बाढी आयो।'

यो बाढीले यहाँका भौतिक पूर्वाधारका साथै प्रकृतिलाई पनि धेरै असर पुऱ्याएको उल्लेख गर्दै गुरुङ भन्छन्, 'नदीको वितण्डाले घर र बस्ती बगायो। प्रकृतिले नै बनाएको अनौठो संरचना पनि बाढीले परिवर्तन भयो।' शान्त र सुन्दर वातावरण रहेको मनाङको स्वरूप अहिले फेरिँदै गएको छ।

## फोहरमैला बढ्दै

हाम्रो जीवनशैली आएको परिवर्तनले प्रांगारिक खाद्यान्नलाई निरुत्साहित गरेर प्लास्टिकमा मोरिएका खानेकुरालाई प्रोत्साहन गर्न थालेपछि यस प्राकृतिक वातावरणमा प्लास्टिकजन्य प्रदूषणको मात्रा बढ्दो छ। मनाङ पर्यटकीय क्षेत्र भएकाले पनि यहाँ 'फास्ट फुड'का रूपमा प्याकेटमा बन्द गरिएका सामानको उपभोग बढ्दै गएको छ। यस्ता खाद्यवस्तुको प्याकेट जथाभावी फाल्दा यहाँको प्राकृतिक सुन्दरतालाई कुरूप बनाउन थालेको स्थानीयवासी फुर्वा लामा बताउँछन्।

उनी भन्छन्, 'यहाँ सिर्जित प्लास्टिकजन्य फोहरमैलाको व्यवस्थापन हुन सकेको छैन। अहिले कम होला तर बढ्ने क्रममा रहेकाले व्यवस्थापनमा ध्यान आवश्यक छ। उपयोग गर्ने व्यक्ति सचेत भएमा यसको निराकण गर्न सहज हुने थियो।' सदरमुकाम पर्यटकीय क्षेत्र भएकाले अहिले कम फोहर उत्पादन हुँदा सम्बन्धित निकाय र पालिकाले व्यवस्थापन केही व्यवस्थापन गरे पनि भविष्यमा फोहरमैला व्यवस्थापन नै गर्न नसकिने समस्या हुने भएकाले समयमै सचेत हुनुपर्नेमा लामाको जोड छ।

## पदमार्ग र हिमाल जोखिममा

हिमाल र पदमार्ग नै मनाङको मुख्य आकर्षणको केन्द्र हो तर यही हिमाल र पदमार्ग नै अहिले जोखिममा छन्। हिमाल माथि सर्दै जाँदा बगर र कालापत्थर देखिनेक्रम बढेको छ। हिमालमा हिउँ नै कम देखिन थालेको छ। हिउँदमै हिमालमा हिउँ कम देखिनु जलवायु परिवर्तनको प्रत्यक्ष असर पारेको सम्बद्ध विज्ञहरूले बताउँदै आएका छन्। विभिन्न क्षेत्रबाट गरिँदै आएको अध्ययनले प्रथमतः हिमालमै असर देखिने उनीहरूको भनाइ छ।

विश्वका पर्यटक यहाँ आउनाका कारण पदमार्गको यात्रा र हिमाललाई नजिकबाट नियाल्नु हो। यही मुख्य आकर्षण बनेका प्राकृतिक क्षेत्र नै जोखिममा परेपछि कसरी आउँछन् त पर्यटक ? यो विषयमा बृहत् छलफल हुनु आवश्यक छ। सरकारले यस्ता प्राकृतिक सौन्दर्यले भरिएका आकर्षक क्षेत्रको संरक्षणमा प्राथमिकता दिनुपर्ने स्थानीयवासी याङदुङ गुरुङ बताउँछन्।

उनी भन्छन्, 'विस्तारै हिमाल पनि माथि सर्दै गएको छ। पहिले त हामीलाई अलि माथि हिँडे भेटिन्थ्यो हिमाल अहिले त धेरै माथि पुग्नुपर्ने हुन्छ। त्यसैमाथि हिमालमा हिउँ नै देखिँदैन। पदमार्ग पनि विस्तारै मासिएको छ। पदमार्गमा त सबै सडक बनेको छ। अनि केको पदमार्ग ? कि त पदमार्गको विकल्प खोज्नुपर्छ। नत्र पदमार्ग पनि मासिँदै गएको छ।' पर्यटक यही पदमार्गमा हिँड्न रुचाउँछन् र त्यसकै लागि पनि आउँछन्। यसको संरक्षण गर्नुपर्ने देखिएको उनको भनाइ छ। हिउँ माथि सरेसँगै हिमालको तल्लो क्षेत्र पातपतिंगरबिनाको पहाडजस्तो बनेको छ। ती ठूला चट्टानयुक्त पहाडमा खेतीपाती नहुने भएकाले उपयोगविहीन चट्टानमात्र देखिने गरेको छ। यसरी हिमालका हिउँ माथि सर्दै गर्दा पानीका मुहानसमेत एक ठाउँमा सुके अर्को ठाउँमा देखिने गरेको याङदुङ बताउँछन्।

'उदाहरणका लागि गंगापूर्ण ताललाई नै लिन सकिन्छ,' उनी भन्छन्, 'अरु के खोज्ने हो र ? हामीले हेर्दाहेर्दै सुक्यो त त्यो ताल। यहाँ सुक्यो अन्य ठाउँमा नयाँ ताल देखिन थालेका छन्।' केही ठाउँमा त बस्तीमा खानेपानीको मुहान नै सुकेर अर्को स्थानबाट ल्याउनुपर्ने भएको याङ्दुङको भनाइ छ। यो जलवायु परिवर्तनको असर हो वा अन्य केही कारणले गर्दा यहाँ परिवर्तन आएको हो भन्नेबारेमा अनुसन्धान गर्न आवश्यक रहेको यहाँका अग्रज जोड दिन्छन्।

## फेरिँदै व्यवसाय

जलवायु परिवर्तनको असर प्रत्यक्षरूपमा अन्यत्रभन्दा हिमाली क्षेत्रमा परेको छ। हिमालमा परेको असरले यहाँका यहाँ गरिने पशुपालन व्यवसाय परिवर्तन गर्न बाध्य हुनुपरेको छ। पशुपालनका लागि वातावरणमा आएको परिवर्तनले निकै असर पारेको नासों गाउँपालिका-४ का पशु व्यवसायी सुरेश थकाली बताउँछन्। व्यावसायिकरूपमा पशुपालनमा लागेका उनी मौसममा परिवर्तन आउँदा पशुको उत्पादन घट्न थालेको गुनासो गर्छन्।

विगतमा याक-चौंरी पाल्दै आएका थकालीको गोठमा अहिले झोपा (चौंरी र गाईको क्रस) छ। याक-चौंरीको चरण क्षेत्र घट्ने क्रममा रहेकाले झोपा पाल्न थालिएको उल्लेख गर्दै उनी भन्छन्, 'पशु व्यवसायी लेकका खर्कतर्फ जान चाहँदैनन्। यहीँ राखे याक-चौंरी पाल्न सकिँदैन। पहिला ६०/७० वटा याक-चौंरी पालेको थिएँ, अहिले ४०/५० झोपा पाल्न थालेको छु।'

उनी भन्छन्, 'पुर्ख्यौली पेसा धान्नै मुस्किल भएकाले विस्तारै मैले पनि व्यवसाय फेर्दै गएको छु। युवाजति पढ्न, अन्य काम तथा व्यावसायतर्फ आकर्षित भएका छन्। उनीहरू अहिले पर्यटन तथा अन्य व्यवसायतर्फ लागेका छन्। अधिकांश त विदेश पलायन भएकाले पुर्ख्यौली पेसा जोगाउन सकस छ। पशुपालन कम हुँदै गएपछि आफूले अहिले डेरी पनि खोलेर बसेको छु।' उमेर बढ्दै गएपछि अब स्वास्थ्यले पनि साथ दिन छाडेकाले खर्कसम्म पनि पुग्नै मुस्किल हुन थालेको छ। पशुपालनमा प्रोत्साहन गर्न पालिकाले विभिन्न अनुदानका कार्यक्रम ल्याए पनि पशुपालन घट्दो अवस्थामा रहेको थकाली बताउँछन्।

## परम्परागत घर मासिँदै

यस हिमाली जिल्लामा विस्तारै परम्परागत घर मासिँदै गएका छन्। हिउँले असर नपार्ने यहाँका परम्परागत माटोका घर अहिले वर्षा हुन थालेसँगै मासिँदै गएका हुन्। वर्षाले माटोका घर चुहिने र भत्किने भएपछि अहिले आधुनिक तवरबाट कंक्रिटको घर बनाउन थालिएको छ।

कंक्रिटको घर निर्माणले यहाँका परम्परागत माटोका घर विस्तारै लोप हुने अवस्थामा पुगेका छन्। यहाँ कमैमात्रामा अहिले परम्परागत घर देख्न पाइन्छन्। स्थानीयवासी कर्माछिरिङ गुरुङ भन्छन्, 'पहिले पहिले मनाङमा वर्षा नै हुँदैन थियो। अहिले हिउँ कम पानी बढी पर्न थालेको छ। यो खै के भएको हो। मौसम पनि फेरिँदै जाने रहेछ कि के हो ?'

उनी भन्छन्, 'पानी चुहिने यस्तो चिसो घरमा बस्न सकिँदैन। जसरी हुन्छ कंक्रिटको घर त बनाउनैपऱ्यो नि। नत्र भने पानी पर्दा चुहिएर बस्न सकिने अवस्था नभएकाले विस्तारै सबैजसो ठाउँमा कंक्रिटको घर बन्दै गएका हुन्। पुरानो घरको आकर्षण बढी छ भनेर नहुने रहेछ। मौसमले हामीलाई च्यालेञ्ज गर्छ के गर्नु र ? यहाँका बासिन्दाले पानीबाट जोगिन पनि कंक्रिटको घर बनाउन थालेका छन्।' यहाँ लोकप्रिय मानिएको परम्परागत घरलाई संरक्षण गर्न सकिए भावि पुस्ता तथा अब आउने पर्यटकका लागि कथा बन्ने अवस्था नआउला भन्न सकिँदैन। त्यसैले यसको संरक्षणका लागि स्थानीयवासीसँगै सरकार पनि सचेत हुनुपर्ने भएको छ।

## माथिल्लो मनाङसम्म लामखुट्टे

केही वर्षअघिसम्म मनाङ जिल्लामा लामखुट्टे देखिँदैन थियो तर अहिले माथिल्लो मनाङमा लामखुट्टे भेटिन थालेका छन्। तापक्रम बढी भएको स्थानमा पाइने लामखुट्टे आजकाल यहाँ पनि भेटिन्छन्।

यहाँ पनि लामखुट्टे भेटिनुमा विज्ञले तापमान वृद्धिको असर अनुमान गरेका छन्। उच्च तापक्रम भएको स्थानमा पाइने लामखुट्टे अहिले बाह्रै मास चिसो हुने यस क्षेत्रमा पनि पाइन थालेको छ। नासों गाउँपालिकाका पूर्वअध्यक्ष चन्द्र घले भन्छन्, 'हामीले तालगाउँमै लामखुट्टे देखेका थिएनौं। अहिले माथिल्लो मनाङमा पनि देखियो। यसले पनि बताउँछ कि यहाँको तापमान वृद्धि हुँदै गएको छ। जसले गर्दा लामखुट्टे बाँच्नसक्ने भएको छ। चिसो ठाउँमा पनि पहिलोपटक लामखुट्टे देख्दा मलाई पनि अचम्म लागेको थियो।' अहिले त सामान्य लाग्न थालेको उनको भनाइ छ।

पृथ्वीको तापमान वृद्धिका कारण पहिले कीरा, फटचांग्रासमेत नभेटिने ठाउँमा अहिले फरक किसिमका कीरा, फटचांग्रा देखिने गरेको पूर्वअध्यक्ष घले भन्छन्, 'पहिले देखिने र अहिले देखिने कीरा, फटचांग्रा नै फरक छन्। अहिलेका कीराले तरकारी, फलफूल, खेतीपाती खान थालेपछि सखाप हुन्छ तर पहिले त्यस्तो हुँदैन थियो।' *रासस*

# अपराध अनुसन्धानमा सहयोगी बन्दै राजमार्गका सिसिटिभी

**कञ्चनपुर-** शुक्लाफाँटा नगरपालिका-१० झलारी बजारमा केही महिनाअघि रातको समयमा चोरले पसलको ताला फोडेर मदिरा चोरी गरे। चोरले मदिरा लग्दै गरेको दृश्य सिसिटिभीमा कैद भयो। सोही आधारमा प्रहरीले चोरलाई समात्न सक्यो।

झलारीबजारकै व्यापारी कमला ऐरको पसलअघि राखिएको एक साइकल चोरी भयो। सिसिटिभीमा साइकल चोरी गरेर लग्दै गरेका व्यक्तिको तस्बिर देखियो। प्रहरीले सोही तस्बिरका आधारमा व्यक्तिको खोजी गर्दा साइकलसमेत भेटियो।

इलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक ईश्वर थापा सिसिटिभी क्यामरा पूर्व-पश्चिम राजमार्गमा जडान गरिँदा अपराध अनुसन्धानमा सजिलो भएको बताउँछन्। 'सडक क्षेत्रमा सिसिटिभी क्यामरा जडान हुँदा यात्राका क्रममा सवारीसाधनमा छुटेका, हराएका सामान बहुमूल्य गरगहना खोजी गर्न सकिएको छ,' उनले भने, 'त्यस्ता सामान खोजी गरी सम्बन्धित व्यक्तिलाई बुझाउन सिसिटिभी क्यामरा सहयोगी बनेको छ।'

सवारी दुर्घटना, विभिन्न आपराधिक घटनामा संलग्नको पहिचान गरी अनुसन्धानमा सहजता भएको उनको भनाइ छ। सडक क्षेत्रका मुख्य बजार क्षेत्रमा हुने ट्राफिकसम्बन्धी समस्या कार्यालयमा राखिएको मोनिटरमा हेरेर नियन्त्रणका लागि प्रहरी परिचालन गरी नियन्त्रणसमेत हुँदै आएको उनले सुनाए।

राजमार्ग क्षेत्रको शुक्लाफाँटाबाट कृष्णपुर नगरपालिका क्षेत्रसम्म ६२ वटा सिसिटिभी क्यामरा जडान गरिएका छन्। जसमध्ये सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा २२, शुक्लाफाँटा नगरपालिकाको सहयोगमा १२ र कृष्णपुर नगरपालिकाको सहयोगमा २९ वटा क्यामरा जडान गरिएका छन्। राजमार्गका मुख्य बजार क्षेत्रका व्यापारी र घरधनीलेसमेत आफ्नै लगानीमा सिसिटिभी क्यामरा जडान गर्न थालेका छन्।

सुदूरपश्चिम प्रदेश सरकारले तीन वर्षअघि जडान गरेका सिसिटिभीमध्ये केही बिग्रिएकाले मर्मत गर्नुपर्ने शुक्लाफाँटा उद्योग वाणिज्य संघका अध्यक्ष धीरेन्द्र साउदले बताए। 'बिग्रिएका सिसिटिभी क्यामरा तत्काल मर्मत गरी सञ्चालनमा ल्याउनुपर्छ,' उनले भने, 'थप सिसिटिभी क्यामरा जडानका लागि स्थानीय तहले काम अघि बढाउनुपर्छ।' सिसिटिभी क्यामराले गर्दा आपराधिक क्रियाकलाप नियन्त्रण आएको उनको बुझाइ छ।

शुक्लाफाँटा नगरप्रमुख रणबहादुर महराले आवश्यकता भएका नगरपालिकाको क्षेत्रभित्र पर्ने पूर्वपश्चिम राजमार्ग क्षेत्र र राजमार्गसँगै जोडिएका मुख्य बजार क्षेत्रमा थप सिसिटिभी क्यामरा जडान गरिने बताउँछन्। नगरपालिकाबाट राजमार्ग छेउछाउ, वडा कार्यालयले आपराधिक क्रियाकलाप हुने क्षेत्रसँगै जंगली जनावरको ओहोरदोहोर हुने क्षेत्रमा समेत नाइटभिजन सिसिटिभी जडान गरेको उनको भनाइ छ।

सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ मा एक करोड ७१ लाख रूपैयाँमा पूर्व-पश्चिम राजमार्गको कैलाली कञ्चनपुरमा १३८ वटा सिसिटिभी जडान गरेको थियो। राजमार्गको कैलाली खण्डमा ९२ र कञ्चनपुरमा ४२ स्थानमा सिसिटिभी जडान गरेको छ। *रासस*


## Invitation for Bids

**Pachrauta Municipality, Bara**

**Office of the Municipal Executive**

**Benauli, Bara, Madhesh Province**

**Invitation for Bids No.: NBC/PMUN/03/2080/081**

**Date of Publication: 02-01-2024 00:00**

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of construction of 2 classroom of School Building at ward no. 6 Pakadiya under National competitive bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 3467203.11 (Exclusive of VAT & Contingencies).
2. Eligible bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost (as a specified above) of bidding document in the projects Rajaswa (revenue) account as specified below and the scanned copy (Pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in the Bank:

   Name of the Bank : NMB Bank Ltd.
   Name of Office : Pachrauta Municipality Bara
   Office code No. : 80221403300
   Office Account number : 1140083164100010
   Rajaswa (revenue) Shirshak No. :

4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office to the pachrauta municipality, Bara by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp. On or before 02-02-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of bidders representatives who choose to attend at 02-02-2024 14:00 at the office of Pachrauta Municipality, Bara. bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 120000.0 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as a specified for the original last date of bid submission.
8. Evaluation and qualification Criteria:
   Bidder's participation in bidding process:
   Bidder's participation in not more than five (5) bidding process since 2078-12-03 i.e. March 17, 2022 as a described in ITB Sub-Clause 4.8.



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYED EID ALI AL OSAIMI GENERAL ARCHITECTURAL CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८०/०९/१६ | LT. No. 297388 | चलानी नं. ६०२१२४२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 1 | 0 | 1500 | ५३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २४ गते (9th Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BHANU CLEANING AND CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/०९/१६ | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २३ गते (8th Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक

## रूपशाला

### 'घिन्ताङ' नयाँ वर्षमा प्रदर्शन हुने

फिल्म 'घिन्ताङ' आगामी नयाँ वर्षमा प्रदर्शन हुने भएको छ । फिल्म निर्देशक दीपक श्रेष्ठ हुन् । निर्देशक श्रेष्ठले फिल्म नेपाली नयाँ वर्षमा प्रदर्शनमा ल्याउन लागेको बताए । फिल्ममा केकी अधिकारी, गौरव पहाडी, नीर शाह, मदनकृष्ण श्रेष्ठ, रमेश अधिकारी, संगम भण्डारी, दीपाश्री निरौलालगायतको मुख्य भूमिका छ । राजु लामाको प्रस्तुति रहेको फिल्ममा दीपक शर्माको संगीत र संकल्प भुजेलको छायाँकन छ । दीपकले ९ वर्षपछि यसै फिल्म मार्फत निर्देशनमा कमब्याक गरेका हुन् । त्यसैले पनि उनी 'घिन्ताङ' आफ्नो महत्वाकांक्षी फिल्म भएको बताउँछन् ।



मंगलबार १७, पुस २०८० (Tuesday, January 2, 2024)

# 'दयारानी' को गीत 'चोरी चोरी' सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता माओत्से गुरुङको लेखन तथा निर्देशनमा निर्माण भएको फिल्म 'दयारानी' को गीत रिलिज भएको छ । सोमबार अंग्रेजी नयाँ वर्षको अवसर पारेर 'चोरी चोरी' बोलको गीत रिलिज गरिएको हो । गीतमा दयाहाङ राई र दीया पुन फिचर्ड छन् ।

मनोज थापा मगरको संगीत तथा हर्क साउँदको शब्द रहेको गीतमा संगीतकार थापा मगर र सदिक्षा कट्टेलको स्वर छ । फिल्म आगामी माघ २६ गतेबाट र नेपालसहित विदेशमा पनि एकसाथ प्रदर्शनमा आउनेछ । अभिनेता माओत्से गुरुङले यही फिल्म निर्देशनमा डेव्यु गरेका हुन् ।

बाँसुरी फिल्मस् र माओत्से फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मलाई शैलेन्द्र ध्वज कार्कीले खिचेका हुन् । फिल्ममा दयाहाङ र दीयाका अलावा विजय बराल, प्रमिसा गुरुङ, पुस्कर गुरुङ, टिकाराम घले, शीर्षा कुँवर, नयन गुरुङ, सूर्य सुनार, राजेन्द्र थापा, सीतादेवी गुरुङ र क्रिष्टी गुरुङ लगायतका कलाकार अभिनय छ ।

मोहन गुरुङ, किरण गुरुङ, केन्द्र लिम्बु र न्यू आइटी भेन्चरको सहकार्यमा निर्माण भएको फिल्मका कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् । फिल्म नेपालमा प्रचण्डमान श्रेष्ठको कम्पनि टिफल्क फिल्मस् र विदेशमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गर्नेछ ।

# सुरक्षाको डेब्यु नाटक 'क्लेश' भारतको रंग महोत्सवमा छनोट

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेत्री सुरक्षा पन्तको डेब्यु नाटक 'क्लेश' भारतको रंग महोत्सवमा छनोट भएको छ । भारतको नेसनल स्कुल अफ ड्रामाद्वारा आयोजित उक्त नाट्य महोत्सवमा नाटक छानिएको सुरक्षाले फेसबुकमार्फत जनाएकी छन् ।

यसअघि कोभिडको कारण रंग महोत्सव भौतिक रूपमा हुन सकेको थिएन । यो फेस्टिभलमा सहभागी हुन निर्देशक विजया कार्की जनवरी २३ मा दिल्ली प्रस्थान गर्ने पनि उनले उल्लेख गरेकी छन् ।

त्यसअघि सम्भवतः नेपालमा नाटक मञ्चन हुनसक्ने सुरक्षाको भनाइ छ । उनले आफ्नो नाट्यकारिताप्रति माया दर्शाउने दर्शकप्रति आभार पनि व्यक्त गरेकी छन् । उक्त नाटकको भारत मञ्चनका लागि आफूहरू दिल्ली जाने सुरक्षाले बताएकी छन् । 'मैले खेलेको पहिलो नाटक नै रंग महोत्सवमा छनोट भएकोमा खुसी छु,' मिडिया कुराकानीमा उनले भनेकी छन् ।

कार्कीको निर्देशन र प्रतीक्षा कट्टेल लिखित यो नाटकले रामायणकालीन कथालाई वर्तमान समयमा ढालेर पेश गर्छ । हिन्दु धर्मशास्त्रमा वर्णित अज्ञानता, अहंकार, मोह, विच्छेद र डरका विशेषतालाई समेटेर नाटक लेखिएको छ । यसअघि यो नाटक नेपालमा २०७६ मा मञ्चन भएको थियो ।

# 'जोगिन्दर' ले हसाए दर्शक



**काठमाडौं (प्रस)–** हास्य कलाकार शिवशंकर रिलिज 'जोगिन्दर'ले नवलपरासीका दर्शक हँसाएका छन् । २६०७ औं तमु ल्होसारको अवसर पारेर आइतबार नवलपरासीमा आयोजित 'विविध सांस्कृतिक कार्यक्रम' मा उनले विभिन्न व्यंग्य प्रस्तुतिमार्फत दर्शक हँसाएका हुन् । कार्यक्रममा उनले राजनीतिदेखि विभिन्न समसामयिक विषयमा व्यंग्य गरेका थिए । कार्यक्रममा लोकगायक रामजी खाँण, भरत क्षेत्री, दीपु मगर गायिका सम्झना लामिछाने मगरले पनि आफ्ना चर्चित नयाँ तथा पुराना गीतहर गायर दर्शक नचाए । हजारौं दर्शकको सहभागिता रहेको कार्यक्रममा आयोजकले कलाकारलाई सम्मान समेत गरेको थियो । तमु, तमुस्यो ह्युला छोज घि इकाई समिति आयोजक रहेको कार्यक्रम नवलपरासीको बर्दघाट-१६ सितलबस्तीमा आयोजना गरिएको थियो । कार्यक्रममा सांसद विनोद चौधरीको पनि सहभागिता थियो ।

कार्यक्रममा सांसद चौधरीले तमु ल्होसार गुरुङ समुदायको मात्र नभएर सबै नेपालीको चाड भएको बताए । उनले सबै चाडपर्व मिलीजुली मनाउने परम्परा भएकोले सबैले खुसी साथ मनाउनु पर्ने धारणा राखे । नवलपरासी १ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद चौधरीले आफू निर्वाचित भएर आएपछि उक्त क्षेत्रमा भएको काम र अब प्राथमिकतामा राखेको कामको बारेमा जानकारी दिए । कार्यक्रममा प्रदेश सांसद विश्वप्रेम पाठक, बर्दघाटका नगर प्रमुख तमुलाल श्रेष्ठ, स्थानीय समाजसेवी र कलाकार लगायतको उपस्थिति रहेको थियो ।

# झाम्रे नाच संरक्षणको पहल



■ प्रभाव संवाददाता

**दमौली (तनहुँ) –** मगर समुदायको प्रख्यात झाम्रे नाच संरक्षणका लागि पहल थालिएको छ । तनहुँको ऋषिङ गाउँपालिका-६ स्थित डुकुडाँडा लाफा युवा क्लब र जय दुर्गा आमा समूहले झामरे नाच उत्थान र संरक्षणका लागि पहल गरेका हुन् ।

अहिलेका पुस्ताले झाम्रे नाच बिर्सँदै गएकाले लोप हुने खतरा बढेपछि यसको संरक्षणको पहल गरिएको युवा क्लबका संयोजक दानबहादुर आलेले बताए । उनले भने, 'अहिलेका पुस्तालाई पुरानो संस्कृतिप्रति कम चासो हुन्छ । त्यसले गर्दा हाम्रो यो नाच नै लोप हुने हो कि भन्ने चिन्ता लागिरहन्छ । त्यसैले गर्दा यसको संरक्षण गर्दै पुस्तान्तरण गर्ने लक्ष्य राखेका छौं ।'

पछिल्लो केही वर्षयता युवा क्लबकै सक्रियतामा झामरे नाच संरक्षणका लागि पहल थालिएको उनको भनाइ छ । उनले भने, 'यसलाई जीवन्त राख्दै नयाँ पुस्तालाई सिकाउनुपर्छ भनेर लागिपरेका छौं । अहिलेका पुस्ता पनि यसमा आकर्षित छन् ।'

झामरे नाच मगर समुदायको मौलिक नृत्य हो । आधुनिक संस्कृतिको प्रभावका कारण मौलिक संस्कृति लोप हुन थालेको स्थानीय सिद्ध आलेको गुनासो छ । उनले भने, 'परम्परागत रीतिरिवाज र संस्कृतिको संरक्षणका लागि पहल थालिएको हो ।' नेपाली मौलिक संस्कृति र मगर जातिको संस्कृतिसँग जोडिएको झामरे नाचलाई पुर्नजीवित गराउन आफूहरू जुटेको उनको भनाइ छ । उनका अनुसार मगर समुदायमा यो नाच लामो समयसम्म नचाउने गरिन्छ । हरेक वर्ष दसैंको अष्टमीदेखि सुरु हुने यो नाच माघसम्म नचाइन्छ । मादल, झर्रा र डम्फुको तालमा युवायुवतीले गीत गाएर सामूहिकरूपमा नाच्ने प्रचलन छ । यसले समुदायमा भाइचारा विकास गर्न सहयोग पुग्ने भनाइ छ ।

तनहुँ, नवलपुर, पाल्पा, स्याङ्जा, गोरखा र बागलुङलगायतका मगर जातिको बाहुल्य रहेको ठाउँमा झामरे नाच नाच्ने प्रचलन रहँदै आएको छ । मगर समुदायको बाहुल्य रहेको ऋषिङमा झाम्रे नाच संरक्षणका लागि स्थानीय तहले पनि सहयोग गर्दै आएको छ ।

## रंगशाला

पिएम कप महिला क्रिकेट

# उपाधिका लागि एपिएफ र कोशी प्रदेश भिड्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** कोशी प्रदेशको टोली काठमाडौँमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ । कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सोमबार खेलिएको दोस्रो क्वालिफायर खेलमा सुदूरपश्चिम प्रदेशलाई नौ विकेटले हराउँदै फाइनलमा पुगेको हो ।

कोशी प्रदेशले अब बुधवार हुने फाइनल खेलमा सशस्त्र प्रहरी बलको एपिएफ क्लबसँग उपाधिका लागि भिडन्त गर्नेछ । एपिएफ क्लब गत आइतबार खेलिएको पहिलो क्वालिफायर खेलमा कोशी प्रदेशलाई ५२ रनले हराउँदै फाइनलमा पुगेको थियो ।

दोस्रो क्वालिफायर खेलमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिम प्रदेशले निर्धारित ओभरमा सात विकेट गुमाएर ८८ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको कोशी प्रदेशले भने १३ ओभरमै केवल एक विकेट गुमाएर ९२ रन बनाउँदै विजय लक्ष्य पार गरेको थियो ।

कोशी प्रदेशको जितमा ओपनर रुबिना क्षेत्रीले ३७ रनको योगदान गरिन् । कप्तानसमेत रहेकी रुविनाले केवल २३ बलको सामना गरी एक छक्का र सात चौका हिर्काइन् । अर्की ओपनर काजल श्रेष्ठले पनि टोलीको खातामा अविजित ३८ रन थपिन् । उनले ३५ बलमा सात चौका हिर्काइन् ।

अप्सरी बेगम १२ रनमा अविजित रहिन् । उनले २१ बलमा दुई चौका प्रहार गरिन् । सुदूरपश्चिम प्रदेशकी बलर लक्ष्मी साउदले एक विकेट लिइन् । त्यसअघि पहिले ब्याटिङ गरेको सुदूरपश्चिम प्रदेशका लागि सम्झना खड्काले सर्वाधिक २५ रन बनाएकी थिइन् ।

सुदूरपश्चिमका लागि ओपनर बिन्दु रावलले पनि १७ रन जोडिन् । कविता जोशीले १५ रन बनाइन् । सुदूरपश्चिमका अन्य ब्याटरले भने दोहोरो अंकमा रन बनाउन सकेनन् । कोशी प्रदेशकी बलर सङ्गीता राईले दुई विकेट लिइन् । एलिसा खडिया, निशा शाह र सबनम राईले एक-एक विकेट हात पारे । सङ्गीता राई प्लेयर अफ दी म्याच घोषित भइन् ।

# एपिएफलाई राष्ट्रिय महिला भलिबलको उपाधि

■ प्रभाव संवाददाता




**मनहरी–** हेटौंडामा भएको केशवलाल श्रेष्ठ स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि सशस्त्र प्रहरीको एपिएफ क्लबले जितेको छ । आज भएको फाइनल खेलमा चन्द्रागिरि नगरपालिका न्यू डाइमन्ड क्लबलाई ३-१ को सेटमा पराजित गर्दै एपिएफले उपाधिसहित रु दुई लाख जितेको हो । एपिएफले न्यू डाइमन्डलाई १९-२५, २०-२५, १७-२५ र २३-२५ को सेटमा हराएको हो । उपविजेता भएको न्यू डाइमन्डले रु एक लाखसहित ट्रफी, मेडल प्राप्त गरेको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी निरुता ठगुन्ना, उत्कृष्ट प्रशिक्षक विजय केसी र उत्कृष्ट सर्भर एपिएफका सरस्वती चौधरी हुँदा बाँकी विधागत उत्कृष्ट खेलाडीको पुरस्कार न्यू डाइमन्डले प्राप्त गरेको छ । उत्कृष्ट स्पाइकर जेनिसा विश्वकर्मा, ब्लकर सुमित्रा रेग्मी, डिफेन्डर सलिना श्रेष्ठ र सेटर प्रगति नाथ घोषित भइन् ।

सर्वोत्कृष्ट खेलाडीले रु १५ हजार र विधागत उत्कृष्टले नगद रु पाँच हजारसहित ट्रफी प्राप्त गरेका छन् । पाँचवटा टोलीको सहभागिता रहेको प्रतियोगिता सिङ्गल राउन्ड रोविनका आधारमा सञ्चालन भएको थियो । एपिएफ ११ अंकका साथ समूह विजेता र न्यू डाइमन्ड १० अंकसहित समूह उपविजेता हुँदै फाइनल खेलेका थिए । समूह चरणको अन्तिम खेलमा न्यू डाइमन्डले त्रिभुवन आर्मीलाई र एपिएफले नेपाल पुलिस क्लबलाई हराउँदै उपाधि भिडन्त गरेका थिए । प्रतियोगिताको सेमिफाइनलबाट बाहिरिएका त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबले रु ५०/५० हजार प्राप्त गरेको छ ।

विजेता, उपविजेता तथा विधागत उत्कृष्ट खेलाडीहरूलाई हेटौँडा उपमहानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामा, आयोजक केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानका अध्यक्ष प्रताप विष्ट, मकवानपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष वसन्तकुमार सिटौला, वडाअध्यक्षहरू लगायतले पुरस्कार वितरण गरेका थिए ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिले औद्योगिक शान्ति नेपाल संस्थासँगको सहकार्यमा हेटौँडामा आयोजना गरेको बृहत् खेलकुद तथा व्यापार महोत्सवमा भलिबल सङ्घ र केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानले १३ गतेदेखि राष्ट्रिय महिला भलिबल प्रतियोगिताको आयोजना गरेको थियो ।

# पर्वत क्लबलाई पोखरा कप भलिबलको उपाधि

■ प्रभाव संवाददाता




**पोखरा–** पोखरा महानगरपालिका भलिबल संघको आयोजनामा पुस १४ गतेदेखि भएको पोखरा कप अन्तर क्लब स्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि पर्वत भलिबल क्लबले जितेको छ ।

२५ औं सडक महोत्सवको अवसरमा आयोजित प्रतियोगितामा टफ गोर्खा टिमलाई हराउँदै पर्वतले उपाधि जितेको हो ।

आइतबार भएको प्रतियोगिताको फाइनल खेलमा पर्वतले गोर्खालाई २५-१६, २५-२१ र २५-२३ को सोझो सेटमा पराजित गरेको थियो ।

उपाधिसँगै पर्वत भलिबल क्लबले १ लाख ११ हजार एक सय ११ नगद, ट्रफी, प्रमाणपत्र र मेडल प्राप्त गरेको छ । उपविजेता टफ गोर्खा ट्रेनिङ सेन्टरले ७७ हजार ७ सय ७७ रूपैयाँ प्राप्त गरेको छ ।

पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दिपक गोदार, रेवान पोखराका उपाध्यक्ष तथा सडक महोत्सवका कार्यक्रम संयोजक विश्वराज पौडेल लगायतले विजेता खेलाडी तथा टिमलाई पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगितामा गलकोट भलिबल क्लब, पोखरा महानगरपालिका निलो, पोखरा महानगरपालिका रातो, पर्वत भलिबल क्लब, बसुन्धरा पार्क क्लब, गुरुकुल माबी, सिद्धार्थ लभडेल माबी, टफ गोर्खा सहभागी थिए ।

# वर्षान्त २०२३ : विश्व अर्थतन्त्र थलिएको वर्ष




■ हेमन्त जोशी

काठमाडौं- वर्ष २०२३ विश्व अर्थतन्त्रका लागि फलिफाप रहेन । युद्ध, भूराजनीतिक तनाव, व्यापारिक सम्बन्धको उतार-चढावजस्ता कारणले विभिन्न देशका अर्थतन्त्र प्रत्यक्ष प्रभावित भए । परोक्ष प्रभाव भने विश्वभर देखियो । आपूर्ति शृंखला खलबलिँदा खाद्यसंकट, ऊर्जा तथा पेट्रोलियम संकटलगायतको सामना मानव जगतले गर्नुपऱ्यो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्ति प्रणालीमा देखिएको व्यावधानलगायतका कारण मुद्रास्फीति उच्च रहन गएको पृष्ठभूमिमा हुन गएको ब्याजदरको बढोत्तरीले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त देखियो । कोभिड-१९ महामारीका कारण सिर्जित समस्याको निराकरण हुन नपाउँदै रूस-युक्रेन युद्ध र पछिल्लो समय इजरायल-हमास तनावका बाछिटा विश्व अर्थतन्त्रमा देखिए ।

अन्तर्राष्ट्रिय मुद्राकोषले विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा न्यून रहने र सन् २०२४ मा सामान्य सुधार आउने प्रक्षेपण गरेको छ । मुद्राकोषको गत अप्रिलको प्रक्षेपणअनुसार विश्व अर्थतन्त्र सन् २०२३ मा २.८ प्रतिशत र सन् २०२४ मा तीन प्रतिशतले विस्तार हुने देखिएको छ । त्यस्तै, उच्च मुद्रास्फीतिको स्थिति विश्व अर्थतन्त्रका लागि यस वर्षको अर्को ठूलो समस्याका रूपमा रहृयो । सन् २०२३ मा विश्व मुद्रास्फीति सात प्रतिशत र सन् २०२४ मा ४.९ प्रतिशत रहने प्रक्षेपण मुद्राकोषले गरेको छ । अधिकांश देशका केन्द्रीय बैंकहरूले सन् २०२२ को सुरुदेखि अवलम्बन गर्दै आएको कसिलो मौद्रिक नीतिको कार्यदिशालाई सन् २०२३ मा पनि कायमै राखे । विकसित मुलुकहरूले अवलम्बन गरेको कसिलो मौद्रिक नीतिको प्रभाव वित्तीय बजारमा पर्न नदिन उदीयमान मुलुकहरूले पनि कसिलो मौद्रिक नीति अपनाए । चर्को ब्याजदर र कर्जा विस्तारमा संकुचनको अवस्था अधिकांश मुलुकका बैंक वित्तीय संस्थामा देखियो । चर्को मूल्यवृद्धि र उपभोक्ता खपतमा ह्रासको स्थिति उपभोक्ता बजारमा देखियो ।

## अमेरिकी बैंक धराशायी

आर्थिक र वित्तीयरूपमा अमेरिकाले यस वर्ष सन् २००८ को आर्थिक मन्दीयताको सबैभन्दा खराब समयको सामना गर्नुपऱ्यो । गत मार्चमा अमेरिकाको सिलिकन भ्याली बैंक डुब्यो । वित्तीयरूपमा समस्याग्रस्त भएर निक्षेपकर्ताको बचतसमेत फिर्ता दिन नसक्ने अवस्थामा पुगेपछि उक्त बैंकलाई गत मार्च १० मा क्यालिफोर्निया डिपार्टमेन्ट अफ फाइनान्सियल प्रोटेक्सन एन्ड इनोभेसल (डिएफपिआई) ले बन्द भएको घोषणा गऱ्यो । त्यस्तै, अमेरिकाकै सिग्नेचर बैंक मार्च १२ र रिपब्लिक बैंक मे १ मा बन्द भएको घोषणा गरियो । ती बैंकबाट ठूलो रकम लगानी भएका प्रविधि (टेक) कम्पनी डुब्नु र क्रिप्टोलगायत अभौतिक मुद्रा (भर्चुअल करेन्सी) को कारोबारमा ठूलो गिरावट आउनुलाई अमेरिकी बैंकिङ प्रणाली धराशायी हुनुको मुख्य कारण मानिएको छ । त्यस्तै, बैंकका निक्षेपकर्ताको बैंकप्रति विश्वास नहुनु र आफ्नो बचत एकैपटक फिर्ता माग्नु ती बैंक डुब्नुको कारण बन्यो ।

## आर्टिफिसियल इन्टेलिजेन्सको दबदबा

कृत्रिम बौद्धिकता अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) को प्रार्दुभाव, प्रयोग र त्यसको परिणाममाथिको विमर्श विश्वभर नै यस वर्ष 'हटकेक'का रूपमा रह्यो । सन् २०२२ को अन्त्यतिर च्याटजिपिटी आएपछि त्यसले विश्वभर नै एक किसिमको तरंग सिर्जना गऱ्यो । ओपनएआईको च्याट जिपिटी, गुगलको च्याटबट, क्यारेक्टर डट एआई, क्विलवोट, मिडजर्नी, हगिङ फेस, बार्ड, नोभेल एआई, क्यापकटलगायतका एआई टुलहरू प्रयोगमा छन् । विद्युतीय उपकरण अर्थात् मेसिनले नै मानिस जसरी सोच्नसक्ने र निर्णय लिनसक्ने क्षमतासहित बनाइएको एआईको प्रयोगका कारण विभिन्न पेसामा पार्नसक्ने असरको पक्ष एकातिर छ भने अर्कोतिर यसको दुरूपयोगको सम्भावनाबारे पनि विश्वभर अझै बहस चलिरहेको छ । एआई अर्थात् आर्टिफिसियल इन्टेलिजेन्सलाई 'कोलिन्स वर्ड अफ दि इयर'को उपमा दिइएको छ ।

## सुनको मूल्य हालसम्मकै उच्च

यस वर्ष विश्वबजारमा सुनको मूल्य हालसम्मकै उच्च पुग्यो । यही डिसेम्बर ४ मा विश्वबजारमा सुनको मूल्य प्रतिऔंस अमेरिकी डलर दुई हजार १५२.३ डलर पुगेको थियो । भूराजनीतिक अस्थिरता र अमेरिकी डलरको भाउ घट्दै जाँदा सुनको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको हो । त्यस्तै, केन्द्रीय बैंकहरूले आफ्नो भुक्तानी पर्याप्तता (रिजर्भ) बलियो पार्न बैंक नोटको सट्टा सुनलाई जम्मा गर्न थालेका कारण पनि मूल्य बढेको ठानिएको छ ।

## संकटग्रस्त श्रमबजार

मुख्यगरी प्रविधि कम्पनी र औद्योगिक क्षेत्रमा देखिएको समस्याका कारण कामदार कटौती गर्नुपरेको विषयले यस वर्ष विश्व श्रमबजारलाई तरंगित बनायो । गत जनवरीमा अमेजनले १८ हजार कर्मचारी कटौती गऱ्यो भने माइक्रोसफ्टले मार्चमा १० हजार कर्मचारी र त्यही महिना गुगलले १२ हजार कर्मचारी कटौती गर्ने निर्णय गरे । श्रमिक अधिकारका लागि अमेजन, वालमार्ट, फेडेक्स, टार्गेट, इन्स्टाकार्ट, अमेजनलगायत कम्पनीका कामदारले कोभिड महामारीपछि हड्ताल गर्नुपरेको समाचार विश्वभरका समाचार माध्यममा छाए । त्यस्तै, 'राइटर्स गिल्ड अफ अमेरिका' त्यहाँको मोसन पिक्चर्स र टेलिभिजन निर्माताको गठबन्धनविरुद्ध लामो समय आन्दोलन गरे । यो आन्दोलनको स्थिति सिर्जना हुनुमा आर्टिफिसियल इन्टेलिजेन्सका कारण 'कन्टेन्ट राइटर'को जागिर खोसिएको विषयलाई पनि जोडेर हेरिएको छ ।

## असमानताको वर्ष

विश्व बैंकले आफ्नो समीक्षामा सन् २०२३ लाई असमानताको वर्ष भनेको छ । जलवायु परिवर्तन, युद्ध, खाद्य असुरक्षालगायतका कारण कोभिड महामारीको समयमाभन्दा पनि सन् २०२३ मा खराब स्थितिको सामना गर्नुपरेको उल्लेख गरेको छ । विश्व बैंकका अनुसार अहिले विश्वभर करिब ७० करोड मानिसले चरम गरिबीको सामना गरिरहेका छन् । त्यस्तै, करिब साढे १८ करोड मानिस अर्थात् विश्वको कूल जनसंख्याको २.३ प्रतिशत शरणार्थी र आप्रवासीका रूपमा बसिरहेका छन् । धनी र गरिबबीचको खाडल यस वर्ष थप गहिरिएको विश्व बैंकको ठहर छ ।

## युद्धले अस्तव्यस्त विश्व व्यापार

विश्व व्यापार संगठन (डब्लुटिओ) ले सार्वजनिक गरेको 'वर्ल्ड ट्रेड स्टाटिस्टिकल रिभ्यु २०२३' प्रतिवेदनअनुसार रुस-युक्रेन युद्ध, बढ्दो मुद्रास्फीति, कसिला मौद्रिक नीति, अधिकांश मुलुकमा देखिएको सार्वजनिक ऋणको चापलगायतका कारण सन् २०२२ जस्तै २०२३ मा पनि विश्व व्यापारले अपेक्षित गति लिन सकेन र सहज अवस्था बन्न सकेन । सन् २०२२ फेब्रुअरीदेखि चलिरहेको रुस-युक्रेन तनावका बाछिटा विश्व अर्थतन्त्रमा गम्भीररूपमा देखिइरहेका बेला गत अक्टोबर ७ मा इजरायल-हमास युद्ध शुरु भएपछि विश्व व्यापार थप अस्तव्यस्त भएको छ भने आपूर्ति शृंखला टुटेका छन् । यी दुई युद्धका कारण पेट्रोलियम र खाद्य पदार्थको बजार सबैभन्दा बढी प्रभावित हुन पुग्यो भने सहज आपूर्ति हुन नसक्दा मूल्यवृद्धि बढ्यो ।

विश्वको सबैभन्दा ठूलो चामल निर्यातक देश भारतले गत जुलाईमा निर्यात प्रतिबन्धको घोषणा गऱ्यो । भारतले यस्तो निर्णय लिनुको मुख्य कारण भूराजनीतिक अस्थिरताका कारण बढ्दो खाद्य संकटलाई मानिएको छ । यमनको हुथी समूहले यही डिसेम्बर पहिलो साता 'रेड सी'को समुद्री मार्ग हुँदै गइरहेका पेट्रोलियम र कार्गो पानीजहाजमा आक्रमण गरे । यो समुद्री रुटबाट हुने व्यापारले विश्व व्यापारको करिब १२ प्रतिशत हिस्सा ओगट्छ । उक्त रुटमा हुथी समूहबाट भएको आक्रमणका कारण एसिया र युरोपको व्यापारमा नराम्रो असर परेको छ ।

## श्रमबजारमा महिलाको योगदानबारेको अध्ययनलाई नोबेल पुरस्कार

श्रमबजारमा महिलाको योगदानबारे गरिएको अध्ययनलाई यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार दिइएको छ । हार्वर्ड विश्वविद्यालयका प्राध्यापक ७७ वर्षीया क्लाउडिया गोल्डिनलाई यो पुरस्कार दिइएको हो । श्रमबजार र पारिश्रमिकमा हुने लैंगिक विभेद विषय नयाँ होइन । तर क्लाउडियाले शताब्दीऔंदेखि महिलाको कमाइ र श्रमबजारको सहभागिताबारे बृहत् अध्ययन गरेका थिए । यो अध्ययनको केन्द्रमा महिलाको विवाह र घरपरिवारप्रतिको जिम्मेवारीलाई राखेर विश्लेषण गरिएको र महिलाले गर्ने कमाइलाई बहुआयामिक पक्षबाट विश्लेषण गरिएको जनाइएको छ ।

## ट्वीटरको रिब्राण्डिङ

अर्बपति इलन मस्कले २०२२ अक्टोबरमा सामाजिक सञ्जाल ट्वीटरलाई ४४ अर्ब अमेरिकी डलरमा खरिद गरेपछि यो विषयले विश्वभर चर्चा छायो । ट्वीटरलाई थप परिस्कृत र परिमार्जन गर्दै जाने बताउने गरेका मस्कले २०२३ जुलाई २३ देखि ट्वीटरलाई एक्सका रूपमा 'रिब्रान्ड' गरे । एक 'सुपर एप'का रूपमा एक्सलाई स्थापित गर्ने लक्ष्यसहित यस्तो निर्णय लिइएको मस्कको भनाइ थियो । त्यसो त ट्वीटर खरिदपछि पुराना कर्मचारीलाई मस्कले बर्खास्त गरेको र विभिन्न कानुनी उल्झनमा पर्नुपरेको विषय पनि चर्चामा रह्यो ।

## धेरै मुलुकमा टिकटक प्रतिबन्ध

सामाजिक सद्भाव र वातावरणमा खलल पुऱ्याएको ठहर गर्दै गत कात्तिक २७ गते नेपाल सरकारले मामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गऱ्यो ।

नेपालले मात्र नभई यस वर्ष अरु थुप्रै देशले चिनियाँ टेक-कम्पनी बाइटडान्सअन्तर्गतको भिडियो सेयरिङ प्लेटफर्म टिकटकलाई बन्देज गर्ने घोषणा गरे । व्यक्तिगत गोपनीयता र तथ्यांकको गोपनीयतामाथि प्रश्न उठाउँदै सन् २०२३ को फेब्रुअरीमा युरोपियन कमिसन, युरोपियन पार्लियामेन्ट र युरोपियन युनियन काउन्सिलले सरकारी कर्मचारीको मोबाइल डिभाइसमा टिकटक बन्द गर्ने निर्णय गऱ्यो । त्यस्तै निर्णय अमेरिका र क्यानडाले पनि गरे । ती देशका सरकारी कर्मचारीलाई ३० दिनभित्र आफ्ना डिभाइसबाट टिकटक हटाउन भनिएको थियो । संयुक्त अधिराज्य, न्युजिल्याण्ड, डेनमार्कलगायत देशले पनि टिकटकमाथि प्रतिबन्ध लगाए ।

## विश्व तापमान हालसम्मकै उच्च

नासाले २०२३ सेप्टेम्बर १४ मा पृथ्वीको तापमान हालसम्मकै उच्च बिन्दुमा पुगेको जनायो । त्यस्तै, विश्व मौसम विज्ञान संगठनले कोप-२८ सम्मेलनका क्रममा सन् २०२३ लाई मानव इतिहासकै सबैभन्दा गर्मी भएको वर्षका रूपमा बतायो । अत्याधिक गर्मीका कारण हिमालय र अन्टार्टिकाको हिँउ तीव्ररूपमा पग्लिरहेको तथा समुद्रको सतह बढेको र पानी तातो हुँदै गएकोबारे संगठनले विश्व समुदायको ध्यानाकर्षण गरायो ।

## उदीयमान भारत

गत मे महिनामा भारत चीनलाई उछिनेर विश्वको सबैभन्दा धेरै जनसंख्या भएको मुलुक बन्यो । त्यस्तै गत अगस्ट २३ मा भारतले चन्द्रयान-३ पठाएर चन्द्रमा पुग्ने चौथो मुलुक र चन्द्रमाको दक्षिणी ध्रुवमा अन्तरिक्षयान अवतरण गराउने पहिलो मुलुक बन्यो । *रासस*

# जापानमा शक्तिशाली भूकम्प



**टोकियो–** जापानको मध्य भागमा सोमबार ७.५ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भेक्षण (युएसजिएस) ले जनाएको छ । इशिकावा प्रान्तको नोटो क्षेत्रमा स्थानीय समयअनुसार अपराह्न ४:१० बजे गएको भूकम्पपछि राष्ट्रिय प्रसारक एनएचकेले भनेको छ, 'सबै बासिन्दालाई तत्काल उच्च स्थानमा स्थानान्तरण गर्न आवश्यक छ ।'

जापानको तटीय क्षेत्रमा केन्द्रबिन्दु रहेको ३०० किलोमिटरभित्र सुनामीको खतरनाक छाल आउनसक्ने हवाईस्थित प्यासिफिक सुनामी वार्निङ सेन्टरले जनाएको छ । भूकम्पपछि इशिकावा प्रान्तको वाजिमा सहरमा १.२ मिटरको सामुद्रिक छालह आएको जापानी सञ्चारमाध्यम एनएचकेले जनाएको छ ।

जापानको मौसम विज्ञान निकाय (जेएमए) का अनुसार सोही क्षेत्रको नोटोमा पाँच मिटरभन्दा बढी सुनामी आउने अनुमान गरिएको छ । जेएमएका अनुसार जापानको मुख्य टापु होन्शुको सागरमा रहेको नोटो क्षेत्रमा स्थानीय समयअनुसार अपराह्न ४ बजेर ६ मिनेटमा ५.७ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यसपछि अपराह्न ४:१० मा ७.६ म्याग्निच्युड, ४:१८ मा ६.१ म्याग्निच्युड, ४:२३ मा ४.५ म्याग्निच्युड, ४:२९ मिनेटमा ४.६ म्याग्निच्युड र ४:३२ मिनेटमा ४.८ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यसको केही समयपछि ६.२ म्याग्निच्युडको अर्को भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भेले जनाएको छ ।

भूकम्पको सबैभन्दा ठूलो धक्कापछि जापानी सञ्चारमाध्यमले विशेष प्रसारण गरी प्रभावित क्षेत्रका बासिन्दाहरूलाई उच्च भूमिमा जानको लागि तत्काल आग्रह गरेका हुन् । 'हामी तपाईंको घरलाई बुझ्छौं, तपाईंको सामानहरू सबै तपाईंको लागि बहुमूल्य छन्, तर तपाईंको जीवन सबैभन्दा महत्त्वपूर्ण छ । सम्भव भएसम्म उच्चतम भूमिमा दौडनुहोस्,' एनएचकेमार्फत् प्रसारण गरिएको कार्यक्रममा प्रस्तोताले दर्शकहरूलाई भने ।

जापानमा भवनहरूले शक्तिशाली भूकम्प सहन सकून् भन्ने उद्देश्यले कडा निर्माण नियमहरू छन् र ठूलो झट्काको लागि तयारी गर्न नियमितरूपमा आपत्कालीन अभ्यासहरू हुने गर्छन् । तर सन् २०११ को मार्चमा उत्तरपूर्वी जापानमा गएको ९.० म्याग्निच्युडको भूकम्पका कारण आएको सुनामीका कारण करिब १८ हजार ५०० जनाको मृत्यु भएको थियो ।

सन् २०११ को सुनामीले फुकुशिमा आणविक केन्द्रमा तीनवटा रिएक्टरहरू पनि ध्वस्त पारेको थियो, जसले गर्दा जापानको युद्धपछिको सबैभन्दा खराब विपत्ति र चेर्नोबिलपछिको सबैभन्दा गम्भीर आणविक दुर्घटना भएको थियो । सन् २०२२ को मार्चमा फुकुशिमाको तटीय क्षेत्रमा गएको ७.४ म्याग्निच्युडको भूकम्पले पूर्वी जापानको ठूलो क्षेत्रमा धक्का महसुस गरिएको थियो । राजधानी टोकियोलाई एक शताब्दीअघि सन् १९२३ मा आएको विनासकारी भूकम्पले तहसनहस बनाएको थियो । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF SINOPEC HEAVY LIFTING & TRANSPORTATION CO., LTD

पुर्व स्वीकृति मिति २०८०/०९/१६ | LT. No. 297472 | चलानी नं. ६०२१२४४१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1200 | ४२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २४ गते (9th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOMA RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०३/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१६ | LT. No. 288845 | चलानी नं.६०२०४२०५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: KD | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 4 | 0 | 130 | ५६,४६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waitress | 0 | 6 | 130 | ५६,४६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २४ गते (9th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १२०५०० | प्रति तोला - ११९९०० | प्रति तोला - १४५५ |



**प्यारागलाइडिङमा मस्त पर्यटक** | सुर्खेतको वीरेन्द्रनगर-१४ गढीबाट प्यारागलाइडिङ गर्दै आन्तरिक पर्यटकहरू । वीरेन्द्रनगरको अवलोकन गर्नेगरी केही समयअघिदेखि व्यावसायिक प्यारागलाइडिङ सुरु गरिएको छ । *तस्बिरः सुरेश आचार्य/रासस*

# विद्युत् व्यापारबारे मन्त्रीसँग जवाफ लिँदै पूर्वाधार समिति

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले नेपाल-भारतबीचको विद्युत् व्यापारसम्बन्धी सम्झौतालगायतका विषयमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीसँग जानकारी लिने भएको छ ।

समितिको आजको बैठकमा सदस्यले उक्त सम्झौतालगायतका विषयमा पटक-पटक पत्राचार गरी जानकारी माग गरेकामा जवाफ प्राप्त नभएको जनाउँदै आगामी बैठकमा मन्त्रीलाई नै आमन्त्रण गर्न सुझाव दिएका थिए ।

उद्योग, व्यपार र अन्तर्राष्ट्रिय सम्बन्धका हिसाबले प्राथमिकता र चासोका रूपमा रहेको विद्युत् विकाससम्बन्धी विधेयकलाई चाँडो निष्कर्षमा पुऱ्याउनुपर्नेमा सदस्यहरूले जोड दिए । सदस्यहरूको सुझावका आधारमा समितिले विद्युत्सम्बन्धी डेडिकेटेड र ट्रंक लाइनका विषयमा उठेका प्रश्नबारे पनि मन्त्रीसँग समितिले जानकारी लिने तयारी गरेको छ ।

राष्ट्रिय गौरवसहित प्राथमिकता प्राप्त कतिपय विद्युत् आयोजना कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि समितिका तर्फबाट गर्नुपर्ने आवश्यक सहयोगका सम्बन्धमा पनि मन्त्रालयका पदाधिकारीसँग समितिले थप छलफल गर्ने तयारीसमेत गरेको छ ।

बैठकमा राष्ट्रियसभामा प्रवेश भई सुझावसहित प्रतिवेदन समितिमा प्राप्त भएको विद्युत् व्यापार विधेयक, २०८० लाई



समृद्ध तुल्याउने सन्दर्भमा संशोधन प्रक्रिया तथा सरोकारवाला र विशेषज्ञसँग रायसुझाव लिनेबारे विस्तृत छलफल भयो । गत असोज २६ गते समितिलाई प्राप्त भएको उक्त विधेयक ९६ जनाको संशोधन परेको छ ।

समितिले सो विधेयकका अतिरिक्त सडक पूर्वाधारलगायतका आयोजना कुनै काम नभएर वर्षौंदेखि अल्झेर बसेका आयोजना निर्माणको वातावरण बनाउन र ठोस कदम चाल्न रायसुझाव संकलन गर्न १० सदस्सीय कार्यदल बनाउने निर्णय गरेको छ ।

कार्यदलमा नेपाली कांग्रेस र नेकपा(एमाले)का दुई/दुई तथा समितिमा प्रतिनिधित्व रहेका अन्य दलका एक-एक जना प्रतिनिधि रहने सभापति दीपकबहादुर सिंहले बताए । केही सदस्यले सडकलगायतका भौतिक पूर्वाधार समयमा सम्पन्न नहुनुमा ठेकेदार नै बढी दोषी देखिए पनि केहीमा भने सरकारले समयमा बजेट निकास नहुँदा अल्झनमा परेको घटना सुनाए ।

सदस्यले आफ्नो क्षेत्रभित्रको कार्यसम्पादनमा सबैको स्वामित्व रहने गरी वार्षिक कार्ययोजना बनाउन तथा विद्युत्सम्बन्धी विधेयकलाई समृद्ध तुल्याउने सन्दर्भमा छलफलका लागि बोलाइने विषय विज्ञको 'रोस्टर' तयार गर्न बैठकले समिति सचिवालयलाई निर्देशन दिए ।

उनीहरूले समिति जति प्रभावकारी भयो सरकारको कार्यप्रगतिमा त्यति नै सुधार आउने विश्वास व्यक्त गर्ने जनतालाई परेको समस्या समयमै सम्बोधन गर्ने हिसाबले कानुन निर्माणमा सक्रिय हुनुपर्नेमा जोड दिए । सदस्यहरूले कतिपय रुग्ण आयोजनाको निर्माण समयसीमा थपिरहने, काम नहुने र लागत बढिरहने अवस्था सदाका लागि अन्त्य गर्नुपर्ने धारणा राखेका थिए ।

# 'बजारमा अपेक्षित सुधार भएन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग परिसङ्घ (सिएनआइ) को एक अध्ययनले बजार मागमा सुधार हुन नसकेको देखाएको छ । पछिल्लो समय अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक हुँदै गएको र बजार चलायमान हुन थालेको सरकारले बताइरहेका बेला सिएनआइ यो अध्ययन सार्वजनिक भएको छ ।

उपभोक्ता बजार मागमा देखिएको संकुचनमा अपेक्षित सुधार हुने नसकेको परिसङ्घको अध्ययनले देखाएको हो । परिसङ्घले उद्योग व्यवसायस्तरमा गरेको सर्वेक्षणअनुसार समग्र बजार माग खस्किएको, कच्चा पदार्थको मूल्य निरन्तर उकालो लागिरहेको र उद्योगको कच्चा पदार्थको आयातमा गिरावट आएको देखिएको हो । विगत तीन आर्थिक वर्षको पहिलो त्रैमासको तुलनात्मक अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको परिसंघले जनाएको छ । आज यहाँ एक औपचारिक कार्यक्रमकाबीच अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको हो । अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्रको प्रतिकूल अवस्थाका कारण गत वर्षदेखि नै उद्योगी-व्यवसायीको मनोबल कमजोर बनिरहेकोमा यसवर्ष पनि यथावत रहेको बताए ।

सर्वेक्षणअनुसार औद्योगिक उत्पादनको समग्र बजार मागमा अघिल्लो वर्ष २८ दशमलव २८ प्रतिशतले ह्रास आएको थियो । यो चालु आवको सोही अवधिमा थप १२ दशमलव ०६ प्रतिशतले घटेको देखिएको छ । गतवर्षको तुलनामा चालु आर्थिक वर्षमा उद्योगहरूको समग्र मागमा ३६ दशमलव ९३ प्रतिशतले संकुचन आएको अध्ययनबाट देखिएको छ । उद्योगको कारोबार रकम गत आवको पहिलो त्रैमासमा २४ दशमलव ९४ प्रतिशतले घटेकोमा चालु आवको समान अवधिमा सात दशमलव ४६ प्रतिशतले घटेको देखिन्छ । अघिल्लो आवको तुलनामा यो ३० दशमलव ५४ प्रतिशतको संकुचन हो ।

सर्वेक्षणअनुसार अघिल्लो आर्थिक वर्षमा ६९ दशमलव ४४ प्रतिशत उद्योगी-व्यवसायीले आफ्नो लगानीका योजना स्थगित गरेको जनाएका थिए भने चालु आवको पहिलो त्रैमासमा ५५ दशमलव ३२ प्रतिशत उद्योगी व्यवसायीले आफ्ना लगानीका योजना स्थगित गरेको जनाएका छन् । यसबाट सरकारले दाबी गरे अनुसार अर्थतन्त्रको अवस्थामा सुधार नआएको परिसङ्घको बुझाइ छ ।

परिसङ्घको अध्ययनअनुसार सिमेन्ट उत्पादक उद्योगको समग्र मागमा अघिल्लो वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा सात दशमलव ३६ प्रतिशतको संकुचन आएको छ । पछिल्लो तीन वर्षमा सिमेन्टको समग्र मागमा ४४ दशमलव ५७ प्रतिशतले गिरावट आएको अध्ययनबाट देखिन्छ ।

सर्वेक्षणअनुसार निर्माण व्यवसाय क्षेत्रमा गत वर्षको तुलनामा यसवर्ष १६ दशमलव २० प्रतिशतको गिरावट देखिएको छ । आव २०७८/७९ को तुलनामा चालु आव २०८०/८१ मा यस क्षेत्रको समग्र मागमा कूल ५२ दशमलव ५९ प्रतिशतले संकुचन आएको पाइएको छ । निर्माण व्यवसाय क्षेत्रका उद्योगको कारोबार रकम अघिल्लो वर्ष ४३ दशमलव ७१ प्रतिशतले घटेकोमा चालु आवको सोही अवधिमा थप २० दशमलव ८० प्रतिशतले घटेको परिसंघले जनाएको छ ।

अघिल्लो वर्षको पहिलो त्रैमासमा साना तथा मझौला क्षेत्रको माग दुई दशमलव ५० प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा १७ दशमलव ७० ले गिरावट आएको देखिएको छ । यस क्षेत्रको समग्र मागमा अघिल्लो वर्षको तुलनामा १५ दशमलव ६४ ले संकुचन आएको अध्ययनबाट देखिएको छ । यस क्षेत्रको कारोबार रकममा अघिल्लो वर्ष १२ दशमलव २५ प्रतिशतले बढेकोमा चालु आवको सोही अवधिमा १८ दशमलव ५० प्रतिशतले घटेको छ ।

## ५ विमानस्थलमा एक्स-रे मेसिन

**काठमाडौं (प्रस)–** १६ पुस : नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले नेपालका पाँचवटा आन्तरिक विमानस्थलमा झोला जाँच (ब्यागेज चेक) गर्ने एक्स-रे मेसिन जडान गर्ने भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता तथा उपमहानिर्देशक जगन्नाथ निरौलाले लुक्ला, रामेछाप, राजविराज, सुर्खेतसहितका विमानस्थलमा यी मेसिन जडान गर्न लागिएको र यसै आर्थिक वर्षभित्र जोडिसकिने जानकारी दिए ।

## वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- वैदेशिक रोजगारीमा पठाउने व्यक्ति वा संस्था आधिकारिक हो, होइन यकिन गरौं ।
- वैदेशिक रोजगारीका लागि पर्यटक भिसाको प्रयोग नगरौं ।
- श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जाऔं ।

श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा जाने कामदारहरूले:
- करारबमोजिम काम र सुविधा नपाउने,
- विदेशी भूमिमा पीडित बन्नुपर्ने,
- स्वदेश फर्कन कठिनाई हुने,
- कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
- ज्यानसमेत गुमाउनुपर्नेलगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेप्सेमा गिरावट, कारोबार पनि घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । अंग्रेजी नयाँ वर्षको पहिलो दिन सोमबार नेप्से परिसूचक आठ दशमलव ७५ अंकले घटेर दुई हजार ६० दशमलव १५ को बिन्दुमा कायम भएको छ ।

विभिन्न तीन सय ६ कम्पनीको एक करोड १८ लाख ९२ हजार पाँच सय ५९ कित्ता सेयर एक लाख दुइ हजार नौ सय पाँच पटक खरिद बिक्री हुँदा रू चार अर्ब ४८ करोड ३९ लाख ८२ हजार चार सय ६१ बराबरको कारोबार भएको छ ।

कारोबारपछि बैंकिङ समूहको उपसूचक शून्य दशमलव ०१, विकास बैंक शून्य दशमलव १०, लगानी र उत्पादन तथा




प्रशोधन समूह समान एक दशमलव ०७ र व्यापार समूह शून्य दशमलव ४५ अंकले बढेको छ । जलविद्युत् समूहको उपसूचकमा सबैभन्दा धेरै एक दशमलव ७२ प्रतिशतको गिरावट देखिएको छ ।

त्यस्तै वित्त शून्य दशमलव ८०, होटल तथा पर्यटन एक दशमलव ६७, जीवन बीमा एक दशमलव ५८, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ३१, निर्जीवन बीमा शून्य दशमलव ७५ र अन्य समूह शून्य दशमलव ३२ प्रतिशतले घटेको छ ।

सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र चिर्खुवा हाइड्रोपावर लिमिटेडकोको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने मोलुङ हाइड्रोपावर कम्पनीको सेयर मूल्य आठ दशमलव ०९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू २० करोड १३ लाख ७३ हजार छ सय ६२ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा भने मोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको चार लाख ३७ हजार २७ कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्णबहादुर कार्की, **सम्पादक**ः विष्णु तामाङ